# संविधान निर्माणबारे *हिमाल* र *नेपाल*को कभरेज

इन्द्रध्वज क्षेत्री

## परिचय

नेपाली भाषामा प्रकाशन हुने नेपालका प्रमुख दुई म्यागेजिन *नेपाल* साप्ताहिक र *हिमाल* पाक्षिकको संविधान निर्माणसम्बन्धी कभरेजबारे गरिएको अनुसन्धानमा यो लेख आधारित छ । नेपालमा संविधानसभाका लागि लामै समयदेखि संघर्ष भए पनि[१] २०६३ वैशाख ११ गते जनआन्दोलनको सफलता र प्रजातन्त्रको पुनःस्थापनापछि मात्र संविधानसभाको चुनाव, गठन र नयाँ संविधानका अन्तर्वस्तुबारे सार्थक बहस सुरु भएको हो । तर जनआन्दोलन लगत्तैका केही महिना संविधानसभाबारे भन्दा पनि तत्कालीन विद्रोही माओवादी र राज्यपक्षबीच अगाडि

---

[१] वि.सं. २००७ को नेपालको अन्तरिम शासन विधानमा संविधानसभाको निर्वाचन गरी नयाँ संविधान बनाउने प्रावधान उल्लेख थियो । राजा त्रिभुवनको २००७ साल फागुन ७ गतेको घोषणामा पनि 'हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होस्' भन्ने आफ्नो चाहना रहेको उल्लेख छ (पाठक र प्याकुरेल २०६१ : ३९१) भने नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ४१ मा 'नेपालको निमित्त विधान बनाउने विधान परिषद्को निर्वाचन गर्नलाई सकेसम्म चाँडै उचित परिस्थिति सिर्जना गर्नु अन्तरिम सरकारको ध्येय हुने' उल्लेख छ (पाठक र प्याकुरेल २०६१ : ४०५) ।

*मिडिया अध्ययन* ७ : ८९–१२४   २०६९

बढिरहेको शान्ति प्रक्रियाबारे बहस केन्द्रित थिए । २०६३ मंसिर ५ गते बृहत् शान्ति सम्झौतामा हस्ताक्षर र यही वर्ष माघ १ गते अन्तरिम संविधान जारी भई अन्तरिम व्यवस्थापिकाको पनि गठन भयो । अन्तरिम संविधानले २०६४ जेठ महिनाभित्रमा संविधानसभाको निर्वाचन हुने र त्यसको दुई वर्षभित्रमा नयाँ संविधान जारी गर्ने प्रावधान राखेपछि नेपालमा संविधानसभा, भावी संविधानका अन्तर्वस्तु र संविधान निर्माणसम्बन्धी बहसले प्राथमिकता पाउन थालेका हुन् ।

संविधानसभा र संविधान निर्माणबारे सबैखाले सञ्चारमाध्यमहरूले महत्त्वसाथ समाचार, लेख, विश्लेषण र अन्तर्वार्ता प्रकाशन र प्रसारण गरेका छन् । समाजमा राजनीतिक एजेन्डा निर्माणका लागि सञ्चारमाध्यमहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् भन्ने कुरामा दुईमत छैन । दैनिक अखबारको तुलनामा थोरै संख्यामा निस्कने भए पनि राजनीतिक समाचारमूलक म्यागेजिनहरूले संविधान निर्माण प्रक्रियाबारे यथेष्ट कभरेज दिएका छन् ।

नेपालको संविधान निर्माणबारे सबैखाले सञ्चारमाध्यमले आ-आफ्नै किसिमले नियमित र अनियमित रूपमा विभिन्न सामग्रीहरू प्रकाशन गरेर विचार र एजेन्डा निर्माण गर्ने प्रयास गरेका छन् ।[२] यसरी एजेन्डा निर्माण सिद्धान्त विशेषतः टेलिभिजनको प्रभाव अध्ययनबाट विकास भएको भए पनि पत्रपत्रिकाले पनि एजेन्डा निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अन्य अध्ययनले देखाएका छन् । बेन्टन र फ्रेजिएरको सन् २००९ को एउटा अध्ययनले त टेलिभिजनले नभई पत्रपत्रिकाले एजेन्डा निर्माण गर्ने गरेको देखाएको छ (घनेम, म्याकम्ब्स र चेर्नोभ सन् २००९) । उनीहरूको अध्ययनको अर्को महत्त्वपूर्ण र चाखलाग्दो निष्कर्ष के छ भने टेलिभिजनले त्यति बेलासम्म एजेन्डा निर्माण गर्दछ, जति बेलासम्म त्यो एजेन्डा पत्रपत्रिकाले उठाएको एजेन्डासित मेल खान्छ । जब टेलिभिजन र पत्रपत्रिकाले उठाउने एजेन्डामा भिन्नता आउँछ, त्यतिबेला पत्रपत्रिकाले उठाएको एजेन्डा बढी प्रभावकारी हुने सम्भावना रहन्छ ।

एजेन्डा निर्माण अध्ययन दुई तहमा गरिन्छ । पहिलो तहमा परिवर्तन भइरहने राजनीतिक, सामाजिक, आर्थिक मुद्दाहरूमध्ये सञ्चारमाध्यमले सबैभन्दा बढी महत्त्व केलाई दिएका छन् र तीमध्ये कुनकुन विषयलाई नागरिकले पनि महत्त्वपूर्ण मान्दछन् भनेर अध्ययन गरिन्छ । तसर्थ, पहिलो तहको एजेन्डा निर्माणबारे परम्परागत अध्ययनविधि भनेको विषयवस्तु विश्लेषणमार्फत मिडियाले

---

[२] एजेन्डा निर्माणसम्बन्धी सैद्धान्तिक विवेचनाबारे हेर्नुहोस्, म्याकम्ब्स (सन् २००४ र सन् २००९); म्याकम्ब्स र श (सन् १९९९); क्षेत्री (सन् २०१०) ।

उठाएको एजेन्डा अध्ययन गर्ने र जनमत वा सर्वेक्षणमार्फत जनताको विचार मापन गर्ने गरिन्छ । दोस्रो तहको एजेन्डा निर्माणमा मिडियाले कुनै विषय वा वस्तुबारे कसरी सोच्ने भनेर नागरिकलाई समेत प्रभावित गर्दछ ।

क्यारोल र म्याकम्ब्सका अनुसार, "समाचारमूलक सञ्चारमाध्यमहरूले वस्तुहरूको एजेन्डा प्रस्तुत गर्नेभन्दा धेरै काम गर्दछन् । उनीहरूले ती वस्तुहरूलाई व्याख्या पनि गर्दछन्" (क्यारोल र म्याकम्ब्स सन् २००३ : ३८) । म्याकम्ब्सका अनुसार, मिडियाले यो भूमिका सचेत रूपमा कुनै विषयका सकारात्मक पक्षलाई वा नकारात्मक पक्षलाई बढी जोड दिएर विचार निर्माण गर्ने प्रयास गर्दछन् । उनी भन्छन् :

> को सार्वजनिक व्यक्तित्व वा कुन सार्वजनिक मुद्दाप्रति मिडिया र नागरिकले ध्यान दिइरहेका छन् भन्नेबाट एजेन्डा निर्माणसम्बन्धी अध्ययनको दायरा फराकिलो हुँदै जाँदा सञ्चारमाध्यम र नागरिकले उक्त व्यक्ति वा मुद्दाका कुन विस्तृत विवरणप्रति ध्यान दिएका छन् भन्नेमा केन्द्रित भएका छन् । फलस्वरूप दोस्रो तहको एजेन्डा निर्माणसम्बन्धी अध्ययनले धारणा, विचार र व्यवहार प्रभावित गर्नमा मिडियाको भूमिकाको नक्सांकन गर्दछन् (म्याकम्ब्स् सन् २००४ : xii) ।

नेपालका सबै खाले सञ्चारमाध्यमले आ–आफ्नै किसिमले संविधान निर्माण प्रक्रिया र त्यसका विषयबारे शृंखलाबद्ध रूपमा लेख, विश्लेषण र अन्तर्वार्ता प्रकाशन गरेर विवेचना गर्ने, एजेन्डा निर्माण गर्ने र तत्विषयमा अर्थ निर्माण गर्ने कार्य गरेका छन् । यो प्रक्रियामा समाचार/विचारमूलक म्यागेजिनहरूले झन् मुख्य भूमिका खेल्दछन् । समाजमा रहेका विचार निर्माताहरू नै म्यागेजिनका लक्षित पाठक हुने भएकाले पनि एजेन्डा निर्माणमा म्यागेजिनहरूको ठूलो भूमिका हुन्छ ।

म्यागेजिनहरूले सूचना छाप्ने मात्र होइन कि विकसित भइरहेका र नयाँ घटनाक्रमहरूको विवेचना गरेर अर्थ निर्माण गर्न पनि सघाउँछन् । निश्चित कोणबाट रिपोर्टिङ र प्रस्तुतिमा एकरूपता तथा एउटै विचार अँगाल्ने स्तम्भकारहरूको छनौट गरेर म्यागेजिनहरूले आफूले चाहेअनुसारको एजेन्डा निर्माण गर्ने गर्दछन् ।

## अध्ययन अवधि र विधि

नेपालका प्रमुख समाचार/विचारमूलक म्यागेजिन *नेपाल* साप्ताहिक र *हिमाल* पाक्षिकले संविधानसभा र संविधान निर्माणबारे गरेको कभरेजको अध्ययन यहाँ गरिएको छ । २०६४ सालमा *समय* साप्ताहिक बन्द भएपछि राजनीतिक

समाचार/विचारमूलक म्यागेजिनमध्ये *हिमाल* र *नेपाल*ले नै म्यागेजिन पत्रकारिताको मूलधारको प्रतिनिधित्व गर्दछन् । २०६३ माघदेखि २०६७ जेठसम्म प्रकाशित यी दुई म्यागेजिनका संविधान निर्माणबारेका सामग्री (सम्पादकीय, लेख, रिपोर्ट, अन्तर्वार्ता आदि) को अध्ययन गरिएको छ । *हिमाल*का ८१ ओटा र *नेपाल*का १७४ ओटा अंक अध्ययनमा समावेश भएका छन् । २०६३ माघ १ गते अन्तरिम संविधान जारी भएपछि संविधानसभा निर्वाचन हुँदै नवगठित संविधानसभाको दुई वर्षे म्याद सकिउन्जेलको अवधि (२०६७ जेठसम्म) गरी साढे तीन वर्षको समय अध्ययनमा परेको छ ।

२०६७ जेठ १४ गते संविधानसभाले अन्तरिम संविधानमा संशोधन गरी अर्को एक वर्षका लागि आफ्नो कार्यकाल थप गरेपछि भने संविधान निर्माणसम्बन्धी मुद्दा ओझेलमा परी सत्ता प्राथमिकतामा पर्‍यो ।[३] अर्को तर्फबाट हेर्दा संविधानसभाका विषयगत समितिहरूले संविधानका अन्तर्वस्तुहरूबारे बहस चलाएर प्रतिवेदन तयार गरिरहँदा नै जनता र मिडियाको ध्यान पनि ती विषयवस्तुहरूप्रति गएको हुनुपर्दछ । २०६७ जेठसम्ममा सबै विषयगत समितिहरूले आ-आफ्ना प्रतिवेदनहरू संविधानसभाको संवैधानिक समितिमा पठाइसकेका थिए । मिडिया र सरोकारवाला तथा नागरिकले पनि प्रतिवेदनमाथि फाट्टफुट्ट बहस चलाएको देखिन्छ । अध्ययन अवधिभर यी दुई म्यागेजिनहरूले संविधान निर्माण प्रक्रिया र त्यसका मूल विषयमा कसरी बहस चलाए र के विचार निर्माण गर्ने प्रयास गरे भन्ने खोजी यस लेखमा गरिएको छ ।

सामग्रीहरू अध्ययनका लागि मात्रात्मक र गुणात्मक दुवै विधिको प्रयोग गरिएको थियो । सर्वप्रथम खबरपत्रिकाले संविधान निर्माणसम्बन्धी विषयलाई दिएको महत्त्व र कभरेजको प्रवृत्ति तथा विभिन्न मुद्दाहरूलाई दिएको स्थानबारे अध्ययन गर्न मात्रात्मक विश्लेषण विधि प्रयोग गरिएको छ । यसका लागि एउटा कोडिङ शिट तयार गरिएको थियो जसमा प्रत्येक अंकमा प्रकाशित संविधान निर्माणबारेका सामग्रीको संख्या, उठान गरेको मूल विषय, मूल विषयलाई लेखमा गरिएको चित्रण, सामग्रीको प्रकार (रिपोर्ट, अन्तर्वार्ता, जनमत वा विश्लेषणात्मक लेख), संविधान निर्माणसम्बन्धी सवाल आवरण कथा बने नबनेको आदि तथ्य मापनका लागि निर्धारण गरिएको थियो । अध्ययन अवधिका सबै अंकहरूमा संविधान निर्माणबारेका सबै सामग्री (लेख, समाचार, अन्तर्वार्ता, जनमत, सम्पादकीय

[३] यो लेखको अन्तिम सम्पादन हुँदा (२०६९ असार) संविधानसभा संविधान नबनाएरै २०६९ जेठ १४ गते विघटन भइसकेको थियो ।

आदि) लाई अध्ययन गरिएको छ, जसले गर्दा नमुना छनौट गरिरहनु परेन । यी सामग्रीहरूलाई कोडिङ शिटमा उल्लेख गरी विश्लेषण गरिएको छ । यो विधिबाट खबरपत्रिकाहरूले निश्चित विषयवस्तुलाई दिएको प्रधानता, उठान गरेका मूल विषय, सामग्रीहरूको समावेशिता आदिलाई तथ्यांकगत रूपमा बुझ्न सघाउने विश्वास गरिएको छ ।

संघीयता, समावेशीकरण, गणतन्त्र घोषणा, राज्यको पुनर्संरचना र संविधानसभाको प्रारूपबारे अध्येय खबरपत्रिकाहरूले कसरी विचार निर्माण गर्ने प्रयास गरे भन्ने पत्ता लगाउन विवेचनामूलक गुणात्मक विधि अपनाइएको छ । अध्ययन अवधिभर भएका महत्त्वपूर्ण घटनाहरू जस्तै, अन्तरिम संविधानको घोषणा, संविधानसभा निर्वाचनको दुई पटकसम्म मिति सारिएको घटना, संविधानसभा निर्वाचन, संविधानसभामा विषयगत समितिहरूको निर्माण र तिनले पेस गरेको प्रतिवेदन र २०६७ जेठ १४ गते संविधानसभाको म्याद एक वर्ष थपिएका घटनाहरूको विस्तृत रूपमा अध्ययन गरिएको छ ।

## संविधान निर्माणबारे विषयको उठान र प्रस्तुति

दुवै खबरपत्रिकाले संविधान निर्माणसम्बन्धी मुद्दाको कभरेज विभिन्न किसिमले गरेका छन् । *नेपाल* साप्ताहिकले आन्तरिकरूपमा उपलब्ध स्रोतबाट नै संविधान निर्माणबारे कभरेज गरेको छ । *हिमाल* पाक्षिकले अध्ययन अवधिको पूर्वार्द्धमा आफ्नै स्रोतबाट र पछिल्लो समयमा अमेरिकी विदेश सहयोग नियोग (युएसएड) को आर्थिक सहयोगमा 'संविधान यात्रा' नाम दिएर बृहत् सामग्री प्रकाशन गरेको छ । *नेपाल* साप्ताहिकले धेरैजसो अंकमा संविधान निर्माणबारे कम्तीमा एउटा सामग्री प्रकाशन गरेको देखिन्छ । *हिमाल*ले 'संविधान यात्रा'अन्तर्गत त ठूलो संख्यामा विविध सामग्री (विज्ञको अन्तर्वार्ता, सभासद्को अन्तर्वार्ता, विज्ञको लेख, सभासद्को लेख, जनमत, स्थलगत रिपोर्ट आदि) प्रकाशन गरेको छ । संविधानसभाले २०६७ जेठ १४ गते आफ्नो म्याद एक वर्ष थप्ने निर्णय गरेपछि संविधान निर्माणबारेको बहसमा पनि एक्कासि कमी आयो । निश्चित समयका लागि सहयोग लिएर *हिमाल*ले चलाएको 'संविधान यात्रा'को अन्त्य भएपछि संविधानका अन्तर्वस्तुहरूबारे *हिमाल*मा पनि संविधान निर्माणबारेका गम्भीर बहसको पनि लगभग अन्त्य भएको छ ।

यो खण्डमा अध्येय खबरपत्रिकाको कभरेजको मात्रात्मक प्रस्तुति गरिएको छ र पछिल्लो खण्डमा मुख्य घटना र विषयवस्तुको कभरेज कसरी गरे भन्नेबारे

गुणात्मक विधिबाट विवेचना गरिएको छ । अन्तिम खण्डमा दुइटाको कभरेजको तुलनात्मक विश्लेषण गरिएको छ ।

## *संविधान निर्माण : आवरणकथामा*

खबरपत्रिकाहरूले आवरण कथा बनाएका विषयवस्तुलाई बहुआयामिक विश्लेषण पनि गर्ने भएकाले महत्त्वपूर्ण मानिन्छ । नयाँ घटना अथवा विषयवस्तु नै आवरण कथाको रूपमा लेखिन्छन् । आवरण कथालाई नाप्नका लागि संविधान निर्माणसँग सम्बन्धित छओटा विषयको पहिचान गरिएको छ जसमा समावेशीकरण, संघीयता वा राज्य पुनर्संरचना, गणतन्त्र, संविधानसभा निर्वाचन र संविधान निर्माण प्रक्रिया, सेना समायोजन र शान्ति प्रक्रिया रहेका छन् । अध्ययन अवधिमा भएको मधेस आन्दोलन पनि संविधानसभा निर्वाचनका लागि महत्त्वपूर्ण भएको र त्यसले समावेशीकरण, समानुपातिकता तथा संघीयताबारे बहस सिर्जना गरेकाले यसलाई पनि संविधान निर्माण प्रक्रियाकै रूपमा समावेश गरिएको छ । कोडिङका क्रममा सामग्रीहरूले उठान गरेको विषयको आधारमा मधेस आन्दोलनसम्बन्धी मुद्दा भने कतै समावेशीकरण वा कतै राज्य पुनर्संरचनाभित्र राखिएको छ ।

*नेपाल* साप्ताहिकका अध्येय १७४ ओटा अंकमध्ये ८२ ओटा अंकमा संविधानसम्बन्धी मुद्दालाई आवरण कथा बनाइएको छ जुन ४७.१२ प्रतिशत हुन आउँछ । यसै गरी *हिमाल* खबरपत्रिकाले ८१ अंकमध्ये ३१ अर्थात् ३८.२७ प्रतिशत अंकहरूमा संविधान निर्माणसम्बन्धी विषयलाई आवरण कथा बनाएको छ । अध्ययन अवधिभरको यो तथ्यांकमा संविधान निर्माण प्रक्रिया (संविधानसभाको चुनावसमेत) र त्यसका अन्तर्वस्तुबारे सबैभन्दा बढी आवरण कथा बनाइएका छन् । जसअनुसार *हिमालले* २४ ओटा र *नेपालले* ३८ ओटा अंकमा यस्ता विषयलाई आवरण कथाको रूपमा प्राथमिकता दिएका छन् । संविधान निर्माणलाई प्रभाव पार्ने अन्य विषयवस्तु, जस्तै : समावेशीकरणलाई *हिमालले* २ र *नेपालले* २ ओटा अंकमा आवरण कथा बनाएका छन् भने राज्यपुनर्संरचना र संघीयताबारे *हिमालले* २ र *नेपालले* ११ ओटा अंकमा आवरण कथा बनाएका छन् । गणतन्त्रको घोषणा र कार्यान्वयनलाई *हिमालले* एउटा र *नेपालले* भने २० ओटा अंकमा आवरण कथा बनाएका छन् । शान्ति प्रक्रियाको मूल मुद्दाका रूपमा रहेको माओवादी सेनाको समायोजन र व्यवस्थापन तथा नेपाली सेनाको लोकतन्त्रीकरणबारे *हिमालले* २ ओटा र *नेपालले* ११ ओटा अंकमा आवरण कथा बनाएका छन् (हेर्नुहोस् तालिका १) ।

**तालिका १ : आवरणकथाका विषयवस्तु**

| पत्रिकाको नाम | हिमाल | | नेपाल | |
|---|---|---|---|---|
| मुख्य मुद्दा | सामग्रीको संख्या | प्रतिशत | सामग्रीको संख्या | प्रतिशत |
| समावेशीकरण | २ | २.४७ | २ | १.१५ |
| राज्य पुनर्संरचना र संघीयता | २ | ३.७० | ११ | ६.३२ |
| गणतन्त्र | १ | १.२३ | २० | ११.४९ |
| संविधानसभा निर्वाचन र संविधान निर्माण प्रक्रिया | २४ | २९.६३ | ३८ | २१.८४ |
| सेना समायोजन र शान्ति प्रक्रिया | २ | २.४७ | ११ | ६.३२ |
| जम्मा सामग्री | ३१ | ३८.२७ | ८२ | ४७.१२ |

यसरी हेर्दा *नेपाल* र *हिमाल* दुवैले अध्ययन अवधिभर नै संविधान निर्माण तथा त्यसका विषयवस्तुहरूमा बहस चलाएका छन् । तालिका १ अनुसार, *नेपाल*ले गणतन्त्र र राज्य पुनर्संरचनालाई बडी जोड दिएको देखिन्छ भने *हिमाल*ले संविधानसभा निर्वाचन र संविधान निर्माण प्रक्रियालाई ।

## *सामग्रीहरूको विविधता*

खबरपत्रिकाहरूले संविधान निर्माणसम्बन्धी सामग्रीलाई रिपोर्ट, लेख वा विश्लेषण, अन्तर्वार्ता र जनमतजस्ता विभिन्न किसिमले प्रस्तुत गरेका छन् । कोडिङका क्रममा पत्रिकाका रिपोर्टरहरूले लेखेका समाचारमूलक सामग्रीलाई रिपोर्टको वर्गमा समावेश गरिएको छ । स्तम्भकार वा विज्ञका लेखहरूलाई लेख तथा विश्लेषण वर्गमा समेटिएको छ । प्रश्नोत्तर शैलीमा राखिएको सामग्री अन्तर्वार्ताको रूपमा समेटिएको छ र कुनै निश्चित विषयबारे जनतासँग प्रश्न सोधेर छोटोछोटा उत्तर राखिएका सामग्री जनमतअन्तर्गत राखिएको छ । कुनै सामग्रीको पुछारमा कुनै व्यक्तिसँग 'कुराकानीमा आधारित' उल्लेख गरिएको अवस्थामा भने त्यस्ता सामग्रीहरूलाई पनि लेख वा विश्लेषणकै रूपमा समावेश गरिएको छ ।

यसरी हेर्दा अध्ययन अविधिभर संविधान निर्माणबारे *हिमाल*ले जम्मा ४८६ ओटा सामग्री प्रकाशन गरेकोमा १३० ओटा रिपोर्ट, २१७ ओटा लेख वा विश्लेषण, ११५ ओटा अन्तर्वार्ता र २४ ओटा जनमत छन् । यसै गरी *नेपाल*ले जम्मा ३६१ ओटा सामग्री प्रकाशन गरेकोमा १८२ ओटा रिपोर्ट, ११४ ओटा लेख वा विश्लेषण, ६४ ओटा अन्तर्वार्ता र एउटा जनमत प्रकाशित गरेको छ । यसरी हेर्दा *हिमाल*को कभरेज सामग्रीको हिसाबले समावेशी र विविधतामूलक देखिन्छ । *नेपाल*ले रिपोर्टिङलाई सबैभन्दा बढी स्थान दिएको छ भने *हिमाल*ले लेख तथा विश्लेषण अनि अन्तर्वार्तालाई । मूलतः 'संविधान यात्रा'अन्तर्गत धेरैजसो अंकमा एकभन्दा बढी सभासद्‌हरूका छोटाछोटा

अन्तर्वार्ता छापिने गरेकोले पनि अन्तर्वार्ताको संख्या ठूलो देखिएको हो । माथि उल्लेख गरिएझैँ निश्चित विषयबारे कुनै विज्ञ वा नेतासँग गरिएका कुराकानीलाई भने लेख तथा विश्लेषण वर्गमा नै सूचित गरिएको छ । अन्तर्वार्ता गरिएका स्रोतहरूको प्रकारबारे भने तलका अनुच्छेदमा चर्चा गरिएको छ ।

*हिमालले* सर्वसाधारणको विचारलाई पनि महत्त्वसाथ प्रकाशन गरेको छ । 'संविधान यात्रा' सुरु भएपछि विभिन्न स्थानमा पुगेर जनमत संकलन गरेर 'जनबोली' स्तम्भ नै प्रकाशन गरेको थियो । र, यात्राको उत्तरार्द्धमा 'स्थलगत' खण्डअन्तर्गत विभिन्न स्थानमा पुगेर जनमत संकलन गरी प्रकाशन गरेको थियो । यस्ता सामग्रीलाई यहाँ पनि जनमतकै रूपमा मापन गरिएको छ । यसरी हेर्दा *हिमालले* २४ ओटा अंकमा जनमत प्रकाशन गरेको छ भने *नेपालले* संविधानसभाको निर्वाचन लगत्तैको एउटा अंकमा मात्र (हेर्नुहोस् तालिका २) ।

**तालिका २ : प्रकाशित सामग्रीहरूको प्रकार**

| सामग्रीको प्रकार | हिमाल | | नेपाल | |
|---|---|---|---|---|
| | संख्या | प्रतिअंक औसत | संख्या | प्रतिअंक औसत |
| रिपोर्ट | १३० | १.६० | १८२ | १.०४ |
| लेख तथा विश्लेषण | २१७ | २.६७ | ११४ | ०.६६ |
| अन्तर्वार्ता | ११५ | १.४२ | ६४ | ०.३६ |
| जनमत | २४ | | १ | |
| जम्मा सामग्री | ४८६ | ६ | ३६१ | २.०७ |

## *अन्तर्वार्ता र जनमतमा स्रोतहरूको प्रयोग*

संविधान निर्माणलाई समावेशी र सहभागितामूलक बनाउन विभिन्न पक्षका विचारलाई दिएको स्थानले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । अन्तर्वार्ता र जनमतमा विभिन्न व्यक्तिलाई दिइएको स्थानको पनि यहाँ मापन गरिएको छ । मापनका लागि सभासद् वा राजनीतिक नेता, संविधान निर्माणसम्बन्धी विज्ञ र सर्वसाधारण गरी वर्गीकरण गरिएको थियो । रिपोर्टिङका क्रममा अन्तर्वार्ता लिइएका वा रिपोर्टमा संलग्न विचारहरूलाई भने यहाँ समावेश गरिएको छैन ।

यसरी हेर्दा *हिमालले* कुल ११५ ओटा अन्तर्वार्ता प्रकाशन गरेकोमा १०० ओटामा सभासद् वा राजनीतिज्ञ र १५ ओटामा विज्ञहरूसित अन्तर्वार्ता गरिएको छ । यसै गरी *नेपालले* ६४ ओटा अन्तर्वार्ता छापेकोमा ५३ ओटामा सभासद् वा राजनीतिक नेता र बाँकी ११ ओटामा विज्ञहरूको अन्तर्वार्ता लिइएको छ । यी तथ्यांकमा केही व्यक्तिहरू दोहोरिएका छन्, जस्तै : *हिमालले* प्रा. कृष्ण खनालको अन्तर्वार्ता ७ ओटा अंकमा छापेको छ । उनलाई विज्ञको रूपमा वर्गीकरण गरिएको छ । यसरी

हेर्दा *हिमाल*ले उनीबाहेक सात जना विज्ञको अन्तर्वार्ता छापेको देखिन्छ । *नेपाल*ले अन्तर्वार्ता गरेका विज्ञहरू भने खासै दोहोरिएका छैनन् । संख्याको हिसाबले *हिमाल*ले भन्दा *नेपाल*ले धेरै विज्ञहरूको अन्तर्वार्ता प्रकाशन गरेको छ ।

जनमतमार्फत सर्वसाधारणको विचार प्रकाशन गर्ने क्रममा भने *हिमाल*ले धेरै महत्त्व दिएको छ । 'संविधान यात्रा' सुरु भएपछि विभिन्न स्थानमा पुगेर जनमत संकलन गरेर 'जनबोली' स्तम्भ नै प्रकाशन गरेको थियो । हरेक अंकमा औसत १० भन्दा बढी मानिसहरूका विचारलाई *हिमाल*ले 'जनबोली' र पछिल्लो समयमा 'स्थलगत' खण्डअन्तर्गत प्रकाशन गरेको छ । यसरी *हिमाल*ले जम्मा २४ ओटा अंकमा जनमत प्रकाशन गरेर २६५ जनाको विचारलाई स्थान दिएको छ तर *नेपाल*ले भने एउटा अंकमा मात्र जनमत प्रकाशन गरेको छ, जसमा छ जनाको विचार समेटिएको छ (हेर्नुहोस् तालिका ३) ।

**तालिका ३ : अन्तर्वार्ता र जनमतमा प्रयोग भएका स्रोत**

| नाम | अन्तर्वार्ताको संख्या | सभासद् वा राजनीतिज्ञ | विज्ञ | जनमत | जनमतमा अन्तर्वार्ता लिइएका सर्वसाधारण |
|---|---|---|---|---|---|
| हिमाल | ११५ | १०० | ८ | २४ | २६५ |
| नेपाल | ६४ | ५३ | ११ | १ | ६ |

सभासद् वा राजनीतिज्ञहरूको सन्दर्भमा भने *हिमाल*ले जातीय, क्षेत्रीय र लैंगिक हिसाबले धेरै व्यक्तिलाई स्थान दिएको छ । 'संविधान यात्रा'अन्तर्गत लिइएका अन्तर्वार्तामा हरेक अंकमा फरकफरक सभासद्को अन्तर्वार्ता प्रकाशन गरेकोले यो विविधता देखिएको हो । सञ्चारमाध्यममा खासै आउन नसक्ने सभासद्हरूको पनि अन्तर्वार्ता छापिएको छ । यस्तै विविधता र समावेशीकरण *हिमाल*ले प्रकाशित गरेको जनमत वा स्थलगत रिपोर्टहरूमा पनि देखिएको छ ।

## *कभरेजको प्रवृत्ति*

अध्ययनको साढे तीन वर्षको अवधिमा दुवै म्यागेजिनको संविधान निर्माणबारेका सामग्रीको कभरेजमा उतारचढाव देखिन्छ । २०६३ माघदेखि नै दुवै म्यागेजिनले संविधान निर्माणबारे कभरेज सुरु गरेका छन् । सुरुका अंकमा विशेषतः अन्तरिम संविधानको घोषणा र घोषित संविधानसभाको निर्वाचन, मधेस आन्दोलन, माओवादी सेनाको क्यान्टोनमेन्ट बसाइँ, त्यसपछि दुईपटकसम्म घोषित चुनाव हुन नसकेका घटना र त्यसको वरिपरिको सत्ता राजनीतिबारे कभरेज छ । निर्वाचनको बेला अत्यन्त धेरै मात्रामा चुनावी अभियान, विभिन्न दलका घोषणापत्र,

भावी संविधानसभाको आकार र गठन आदिबारे कभरेज भएको छ । चुनावपछि गणतन्त्रको घोषणासम्म पनि निर्वाचनसम्बन्धी सामग्रीहरूको प्रकाशन क्रम निरन्तर देखिन्छ भने चुनावपछिको लामो समयसम्म पनि संविधान निर्माणबारे काम सुरु नभएपछि भने त्यस्ता बहस पछि परेका छन् ।




तस्बिर १ : संविधान निर्माणसम्बन्धी कभरेजको प्रवृत्ति

चुनावपछिको अवधिमा संविधान निर्माणको प्रक्रिया सुरु भएपछि कभरेजमा वृद्धि हुनुपर्ने अपेक्षा गरिए पनि *नेपाल*का धेरै अंकमा यस्ता सामग्री प्रकाशन भएका छैनन् । यो घट्दो क्रम दुवैमा देख्न सकिन्छ । फरक यो हो कि घट्ने क्रम *नेपाल*को हकमा निरन्तर देखिन्छ भने २०६५ कात्तिकदेखि 'संविधान यात्रा'अन्तर्गत विशेष कभरेज सुरु गरेपछि *हिमाल*को कभरेजमा भने संविधान निर्माणसम्बन्धी सामग्रीहरूको संख्या बढेको मात्र होइन निरन्तर पनि रहेको छ (हेर्नुहोस् तस्बिर १) । *नेपाल*ले संविधानसभाको पहिलो कार्यकाल अन्त्य हुने समयतिर आएर मात्र यो क्रम बढाएको देखिन्छ ।

## संविधानसभा निर्वाचन र संविधान निर्माणबारे *नेपाल*को कभरेज

संविधानसभा निर्वाचनको दुईपटक मिति सारिएको घटना, सत्ता सहयात्री दलहरूबीच देखिएको द्वन्द्व र एनेकपा (माओवादी)को सत्ता आरोहण र सरकारबाट राजीनामाका घटनाले प्रमुखता पाएका छन् । यो अवधिमा संविधानका अन्तर्वस्तुहरूबारे खासै चर्चा भएको पाइँदैन । यो अवधि र कभरेजको प्रवृत्ति लगभग संविधानसभाको निर्वाचनपछिको तीन महिनासम्म पनि कायमै देखिन्छ । २०६४ चैत २८ मा संविधानसभा निर्वाचनपछिका केही अंकहरूमा निर्वाचनको फलोअप, त्यसपछिका केही अंकमा गणतन्त्र घोषणा, त्यसको कार्यान्वयन र दरबारबाट पूर्वराजाको

बहिर्गमनबारे लेखिएको छ । यो क्रम २०६५ जेठ १५ गते गणतन्त्र घोषणा भई २९ गते राजाले दरबार छाडेपछि एक महिनासम्मका अंकमा राष्ट्रपतिको निर्वाचनसम्म पनि नियमित भएको देखिन्छ । संविधान निर्माण प्रक्रिया सुरु भएपछि भने प्रक्रियालाई सहयोग पुग्ने गरी विभिन्न विषयमा बहस भएको छ । *नेपाल*ले संविधान निर्माणबारे गरेको कभरेजलाई संविधानसभा निर्वाचन र संविधान निर्माण प्रक्रिया तथा राज्यको पुनर्संरचना र संघीयता गरी दुई वर्गमा बाँडेर विश्लेषण गर्न सजिलो हुन्छ ।

२०६३ माघ १ गते अन्तरिम संविधानको घोषणा र अन्तरिम व्यवस्थापिका संसद्को गठन भएपछिका अंकहरूमा *नेपाल*ले माओवादीको संसद् प्रवेश तथा संसद्को समावेशिताबारे रिपोर्ट प्रकाशन गरेको छ । संविधानसभा निर्वाचनबारे पहिलो लेख अन्तरिम संविधान घोषणा भएको झन्नै डेढ महिनापछि मात्र प्रकाशन भएको छ जसमा परशुराम घिमिरेले समानुपातिक निर्वाचन प्रणालीबारे चर्चा गरेका छन् (घिमिरे २०६३) । अर्को वर्षको जेठका लागि निर्धारित संविधानसभा निर्वाचन हुन नसक्नेबारे चैतको सुरुमै *नेपाल*ले सचेत गराएको छ । किशोर नेपालको यो लेखमा दलहरू गम्भीर नभएकाले निर्धारित मितिमा चुनाव हुन नसक्ने निष्कर्ष निकालिएको छ (नेपाल २०६३) । लगत्तै अर्को अंकमा चुनावअघि मधेसमा थुप्रै चुनौती रहेकाले तिनको सम्बोधन नभएसम्म चुनाव हुन नसक्ने संकेत गरिएको छ (साह २०६३) । त्यसपछिका अंकहरूमा पनि *नेपाल*ले जेठ वा असार ६ गते पनि निर्वाचन सम्पन्न हुन नसक्ने कुरालाई जोड दिएको छ । निर्वाचनसम्बन्धित अन्य मुद्दाहरू जस्तै निर्वाचन प्रणाली र निर्वाचन क्षेत्र निर्धारण आयोगको प्रतिवेदनबारे पनि रिपोर्ट प्रकाशन भएका छन् ।

२०६४ जेठमा संविधानसभाको निर्वाचन नहुने भएपछि *नेपाल*ले एउटा अंकमा विभिन्न शक्ति केन्द्र जसमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र सात दल, प्रचण्ड र माओवादी, रूक्मांगद कटवाल र सेना तथा ज्ञानेन्द्र र राजतन्त्रले अवलम्बन गर्नसक्ने चालहरूबारे विश्लेषण गरेको छ । निर्धारित समयमा चुनाव हुन नसकी अन्योल बढ्दै जाँदा यीमध्ये कुनै पनि शक्तिले आफू अनुकूल चाल चालेमा थप अन्योल आउनसक्ने निष्कर्ष *नेपाल*को रहेको छ (नेपाल टीम २०६४) ।

२०६४ भदौभरिका अंकमा माओवादीले चाहेमा मात्र चुनाव हुन सक्ने अर्थ लाग्ने गरी कभरेज छ । सँगसँगै माओवादीको सम्भावित विद्रोहबारे पनि *नेपाल*ले व्यापक कभरेज प्रस्तुत गरेको छ । निर्वाचन २०६४ चैतमा सार्ने निर्णय भएपछि त्यसको सबैभन्दा ठूलो लाभ राजालाई पुगेको र 'कु' हुने सम्भावना पनि भएको *नेपाल*को ठहर रहेको छ (पाठक २०६४क) । संविधानसभाले अनुमोदन गर्ने गरी

मंसिरमा अन्तरिम संसद्ले गणतन्त्रको घोषणा गरेपछि भने *नेपाल*ले राजाले केही गर्न नसक्ने बताएको छ (हेर्नुहोस् नेपाल २०६४क) । दुई महिनाअघि मात्र 'कु' हुने वा 'असोज १८'[४] दोहोरिने सम्भावना अगाडि सारेको पत्रिकाले कसरी राजाले केही गर्न नसक्ने अवस्था आयो भन्नेबारे भने विश्वसनीय आधार दिएको छैन ।

संविधानसभाको निर्वाचन चैतमा गर्ने निर्णय दलहरूले गरेपछि *नेपाल*को कभरेज पनि चुनावतर्फ केन्द्रित बनेको छ । तर पनि चुनाव हुने नहुनेमा *नेपाल*ले आशंका उठाइरहेको छ । जस्तै : २०६४ पुस २२ को अंकमा तीन दलबीच विश्वासको संकट कायमै रहेको र कुनै एक दलले नचाहेमा फेरि पनि चुनाव हुन नसक्ने निष्कर्ष रहेको छ । यो अंकमा चैतमा चुनाव घोषणा गर्नुका पछाडि भारतीय गुप्तचर संस्था 'र'का प्रमुख अशोक चतुर्वेदीको हात रहेको उल्लेख छ (अधिकारी २०६४) । लगत्तैको अंकमा प्रकाशित एउटा लेखमा पनि 'र'को सक्रियतामा भएको यो निर्णयले देशलाई उपनिवेश वा अन्तहीन गृहयुद्धमा धकेल्न सक्ने बताइएको छ (दाहाल २०६४) । चुनावको निर्धारित मितिको दुई महिना अघिदेखि बल्ल *नेपाल*ले निर्वाचनबारेको रिपोर्टिङ सुरु गरेको छ । कहिलेकाहीँ मात्र सम्पादकीय लेख्ने यो म्यागेजिनले 'यसकारण हुनैपर्छ चुनाव' (नेपाल २०६४ख) भन्ने सम्पादकीय[५] लेखी देशका विभिन्न भागबाट निर्वाचन अभियानको रिपोर्टिङ सुरु गरेको छ । यद्यपि चुनाव सुनिश्चित रहेको भन्ने *नेपाल*को कभरेजमा देखिन्न ।

निर्धारित मितिको झन्नै एक महिना अगाडि मात्र सरकार र मधेसी मोर्चाबीच सम्झौता भएपछि बल्ल निर्वाचन सुनिश्चित भएको *नेपाल*को ठहर रहेको छ (पाठक २०६४ख) । त्यसपछि चुनाव सम्पन्न भएपछिका केही अंकहरूसम्म *नेपाल*ले चुनावलाई नै प्रधानतासाथ कभरेज गरेको छ । देशका विभिन्न भागबाट स्थलगत रिपोर्टिङसहित विभिन्न विश्लेषण र अन्तर्वार्ता *नेपाल*ले छापेको छ । चुनावको ठीक अघिल्ला दुइटा अंकमा *नेपाल*ले निर्वाचनसम्बन्धी १०-१० ओटा सामग्री प्रकाशन गरेको छ, जसमा दुइटा लेख, आठओटा स्थलगत रिपोर्ट र १० ओटा चुनावको समग्र तयारीबारे काठमाडौँबाट गरिएका रिपोर्ट रहेका छन् । चुनावपछिको पहिलो अंकमा पनि *नेपाल*ले एउटा लेख र छओटा रिपोर्ट प्रकाशन गरेको छ भने अर्को अंकमा निर्वाचनको अझै विस्तृत विश्लेषण गरिएको छ । यो

---

४ चुनाव गर्न नसकेको बहानामा २०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई 'अक्षम' भन्दै बर्खास्त गरेका थिए ।

५ *नेपाल*ले सम्पादकीय नियमित नलेख्ने भएकोले त्यो स्तम्भलाई 'नेपाल दृष्टि' नाम दिइएको छ ।

अंकमा २२ ओटा सामग्री प्रकाशित छन् जसमध्ये छओटा लेख/विश्लेषण, प्रचण्डसहित तीन जनाको अन्तर्वार्ता, एउटा जनबोली (जसमा छजना सर्वसाधारणको विचार समेटिएको छ) र अरू सबै रिपोर्ट रहेका छन् । यो अंकका सामग्रीहरूले निर्वाचनको नतिजालाई माओवादीको विजय र जनयुद्धको वैधताको रूपमा लिएका छन् (भाट २०६५) । तर माओवादीका अगाडि चुनौती थपिएको विश्लेषण पनि रहेको छ (आचार्य २०६५; खनाल २०६५) ।

यसपछि *नेपाल*को कभरेज गणतन्त्रको कार्यान्वयनतर्फ केन्द्रित भएको छ । २०६५ जेठ १५ गते संविधानसभा बैठकले गणतन्त्रको घोषणा गरेपछि *नेपाल*ले त्यो दिनलाई एक जुगको एक दिनको रूपमा चित्रित गरेको छ र राजा कसरी दरबारबाट निस्कलान् र राष्ट्रपति को होला भन्नेबारे पनि रिपोर्टिङ गरेको छ (ढुंगेल २०६५क) । यसपछिका अंकमा भने *नेपाल*ले भारतको चाहनाबमोजिम गणतन्त्र आएको भनी लेखेको छ । २०६५ असार १ को अंकका तीनओटा सामग्रीले त्यो संकेत गरेका छन् मनुज चौधरी, सुधीर शर्मा र भरत दाहालका लेखहरूमा भारतको भूमिकाले नै गणतन्त्र आएको, गणतन्त्र आएपछि राष्ट्रिय स्वाधीनता कमजोर बन्ने र कुनै पनि राजनीतिक दलहरूले राष्ट्रियताको मुद्दा नउठाएकोमा चिन्ता व्यक्त गरिएको छ (चौधरी २०६५; दाहाल २०६५; शर्मा २०६५) । त्यसपछिका दुई महिनाका अंक भने सत्ता राजनीति र राष्ट्रपति चुनाव वरिपरिका विवादबारे केन्द्रित छन् ।

संविधानसभा निर्वाचनको चार महिनासम्म संविधानका अन्तर्वस्तुबारे कुनै चर्चा नचलाइएकोबारे माथि नै उल्लेख गरिएको छ । गठनपछिको लामो समयसम्म पनि सभाले संविधान निर्माणको काम सुरु गर्न नसकेपछि त्यसप्रति चिन्ता जनाउँदै *नेपाल*ले आवरणसहित रिपोर्ट प्रकाशन गरेको छ (ढुंगेल २०६५ख) । सोही अंकमा संविधानसभामा रहेका वैचारिक द्वन्द्वका प्रवृत्तिबारे लेख प्रकाशित छ (सुवेदी २०६५) । त्यसपछि फेरि त्यस्ता सामग्रीले नियमितता पाउन सकेका छैनन् । संविधान निर्माणलाई दलहरूले अपेक्षित महत्त्व नदिएको र संविधान निर्माण कार्य सुस्त गतिमा अघि बढेकोमा चिन्ता व्यक्त गर्दै केही रिपोर्ट प्रकाशित भए पनि त्यसको प्रक्रिया र अन्तर्वस्तुहरूबारे अर्को सामग्री मंसिरमा मात्र प्रकाशन भएको छ । यसमा संवैधानिक कानुनका जानकार गणेशदत्त भट्टले संविधान निर्माण प्रक्रियामा जनसहभागिता र त्यसको कार्यान्वयनमा आउन सक्ने जटिलताबारे चर्चा गरेका छन् । उनले संविधान निर्माणका क्रममा जनताको पर्याप्त अपनत्व स्थापित गर्न नसक्ने हो भने कार्यान्वयनको क्रममा असहजता आउन सक्ने भएकाले त्यसतर्फ ध्यान दिनुपर्ने बताएका छन् (भट्ट २०६५) । सोही

अंकमा संविधानसभाका समितिहरूले काम प्रारम्भ गरेकोबारे प्रकाशित रिपोर्टमा सकारात्मक सुरुआत भएको टिप्पणी देखिन्छ (रावल २०६५क) । तर त्यसको केही समयपछि नै संविधानसभाका समितिहरूको क्षेत्राधिकार र कामकारबाहीमा अन्योलता आएको भन्ने टिप्पणी पनि छ (रावल २०६५ख) र अर्को रिपोर्टमा त्यो अन्योल हटाउन सभाध्यक्षको सक्रियताबारे उल्लेख छ (रावल २०६५ग) ।

*नेपाल*ले संविधानको अन्तर्वस्तुमध्ये सार्वभौमसत्ताबारे अलिक विस्तृत रिपोर्टिङ गरेको छ । संविधानसभाको राष्ट्रिय हित संरक्षण समितिले प्रतिवेदन पेस गरेपछि आवरणसहित सोबारे रिपोर्टिङ गरिएको छ । जसमा सार्वभौमसत्ता जनतामा रहने र त्यसको विधायिकी अधिकार जननिर्वाचित व्यवस्थापिका र जनमत संग्रहमार्फत हुने सिफारिस गरेपछि *नेपाल*का हालसम्मका विभिन्न संविधानमा रहेका सार्वभौमसत्ताबारेका प्रावधानसँग तुलना गरिएको छ र यो व्यवस्थाले नागरिकलाई थप शक्तिशाली बनाएको टिप्पणी गरिएको छ (पोखेल २०६६क) । साथमा समितिका सभापति अमिक शेरचनको अन्तर्वार्ता पनि छापिएको छ, जसमा उनले गणतान्त्रिक व्यवस्थाले जनतालाई थप शक्तिशाली बनाउने बताएका छन् । तर अर्को रिपोर्टमा भने जनमतसंग्रहसम्बन्धी व्यवस्था जोखिमपूर्ण रहेको रिपोर्ट पनि छापिएको छ । यो व्यवस्थाले भविष्यमा मुलुक टुक्रिन सक्ने सम्भावना रहेकाले जोखिमपूर्ण हुने टिप्पणी रहेको छ (रावल २०६६क) ।

२०६६ साउनको अंकमा आवरणसहित *नेपाल*ले संविधान निर्माणमा भएको खर्चबारे लेखेको छ । जसमा सभाले मासिक छ करोड देशका लागि व्ययभार दिइरहेको र अपेक्षित नतिजा नदिएको भन्दै त्यसबारे प्रश्न उठाइएको छ (रावल २०६६ख) । त्यसपछिका अंकमा पनि संविधानसभाले आफ्नो काममा अपेक्षित प्रगति नगरेकामा श्रीकृष्ण अनिरुद्ध गौतमको 'गणराज्य संवाद' स्तम्भमा चिन्ता व्यक्त भएको छ । उनले समयावधि तोकेर संविधान लेख्न नसकिने र त्यसका लागि नेताहरूमा इच्छाशक्ति भएमा मात्र सम्भव हुनसक्ने बताएका छन् (गौतम २०६६क) । त्यसको केही समयपछि उनको 'गणराज्य संवाद' स्तम्भ पनि नियमित हुन नसकेपछि संविधानका अन्तर्वस्तुबारे विश्लेषण पनि हराएको छ । संविधान निर्माण प्रक्रियाबारे राधेश्याम अधिकारीका लेख फाट्टफुट्ट रूपमै भए पनि प्रकाशित छन् । त्यसपछिका केही महिना अन्तर्वार्ताबाहेक संविधान निर्माणबारे कुनै सामग्री छापिएका छैन ।

वि.सं. २०६६ को उत्तरार्द्धमा पुग्दा संविधान बेलैमा बन्न नसक्ने आशंका गर्दै २०६७ जेठ १४ पछि के होला भन्ने आँकलनतर्फ *नेपाल*को कभरेज निर्देशित देखिन्छ । जस्तै : २०६६ माघ २४ को अंकमा कृष्ण खनालको अन्तर्वार्ता

छापिएको छ जसमा उनले माओवादीलाई प्रक्रियाबाहिर राखेर संविधान बन्न नसक्ने तर्क गर्दै संघीयताबारे थप बहस जरूरी भएकाले समयमै संविधान बन्न नसक्ने आशंका व्यक्त गरेका छन् (खनाल २०६६क) । २०६६ चैत १ गतेको अंकमा वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेलको अन्तर्वार्ता छापिएको छ । यसमा उनले जेठ १४ मा संविधान नबनेमा आकाश नखस्ने र विकल्प जीवितै रहने बताएका छन् (प्याकुरेल २०६६) । सोही अंकमा 'जेठ १४ पछि के होला ?' भन्ने आवरण कथा पनि छापिएको छ । यो अंकसम्म आइपुग्दा *नेपाल*को सम्पादकीय नीति पनि लगभग जेठ १४ मा संविधान बन्न नसक्ने निर्णयमा पुगेको आँकलन गर्न सकिन्छ । संविधान निर्माणको पूर्वनिर्धारित मितिको पूर्वसन्ध्यामा पनि *नेपाल*ले विकल्पहरूबारे बहस चलाएर संक्रमणलाई सहज रूपमा चित्रित गर्ने प्रयास गरेको छ । म्याद थप नै उत्तम विकल्प हुनेतर्फ *नेपाल*को कभरेज देखिन्छ (अधिकारी २०६७क; रावल २०६७) ।

## राज्य-पुनर्संरचना र संघीयताबारे *नेपाल*को कभरेज

अध्ययन अवधिमा संघीयता वा राज्य पुनर्संरचनाबारे *नेपाल*ले केही रिपोर्ट, लेख, विश्लेषण तथा अन्तर्वार्ता छापेको भए पनि ती नियमित छैनन् । अध्ययन अवधिमा *नेपाल*ले संघीयता वा राज्य पुनर्संरचनाबारे लेखेको पहिलो सामग्रीमा संघीयताका सम्भावित मोडेलहरूबारे चर्चा गरिएको छ (ढुंगेल २०६३) । सोही अंकमा भूगोलविद् पिताम्बर शर्माको अन्तर्वार्ता पनि छापिएको छ जहाँ उनले संघ बनाएर मात्र समस्या समाधान हुन नसक्ने बताएका छन् । बरु त्यसको व्यवस्थापन गर्न नसके झन् समस्या निम्त्याउन सक्नेतर्फ उनले सतर्क गराएका छन् (शर्मा २०६३) । त्यसको झन्नै तीन महिनापछि प्रकाशित अर्को लेखमा गौरीनाथ रिमालले जातीय आधारको संघीयता हुन नसक्ने कुरालाई जोड दिएका छन् (रिमाल २०६४) ।

सोही अवधिमा नेपाली कांग्रेसका नेता नरहरि आचार्यका केही लेख प्रकाशित छन् जसमा उनले मूलतः कस्तो खालको गणतन्त्र हुने भन्नेबारे चर्चा गरेका छन् । उनले अबको गणतन्त्र प्रजातान्त्रिक बहुदलीय प्रतिस्पर्धामा आधारित, मौलिक अधिकार, स्वतन्त्र प्रेस, स्वतन्त्र न्यायपालिका, विधिको शासनसहित हुनुपर्ने तर्क अघि सारेका छन् (आचार्य २०६४क) । अर्को लेखमा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले माइनर अथवा बेबी किङको अवधारणा अघि सारेको पृष्ठभूमिमा पार्टीले गणतन्त्र स्वीकार गरिसकेको र त्यसको स्वरूपबारे मात्र विवाद रहेको उल्लेख गरेका छन् (आचार्य २०६४ख) ।

उनले गणतन्त्रका लागि कांग्रेसले नेतृत्व लिनुपर्ने वकालत गरेका छन् (आचार्य २०६४ग) ।

माथि उल्लेख भएझैँ नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले माइनर अथवा बेबी किङको अवधारणा अघि सारेको विषयलाई *नेपाल*ले महत्त्वसाथ आवरण कथाकै रूपमा प्रस्तुत गरेको छ । जसमा गणतन्त्रको गतिलाई कोइरालाको नयाँ चालले छेक्न नसक्ने बताइएको छ (पाठक २०६४ग) । सोही अंकमा कांग्रेसका अर्का नेता प्रदीप गिरिको अन्तर्वार्ता पनि छापिएको छ जसमा कांग्रेसले गणतन्त्रको छालविरूद्ध उभिने प्रयास गरेमा कोमिन्तांग बन्ने उनले बताएका छन् (गिरी २०६४) । त्यसपछि असोजको एउटा अंकमा *नेपाल*ले कस्तो खाले गणतन्त्र भन्नेबारे विस्तृत बहस चलाएको छ जसमा माओवादीका वर्षमान पुन 'अनन्त'ले प्रतिस्पर्धासहितको गणतन्त्र (पुन २०६४), एमालेका प्रदीप ज्ञवालीले लोककल्याणकारी राज्य (ज्ञवाली २०६४) र कृष्ण खनालले अप्रत्यक्ष निर्वाचित सेरेमोनियल राष्ट्रपति र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीसहितको मौलिक खालको गणतन्त्र हुनुपर्ने (खनाल २०६४) तर्क अघि सारेका छन् । त्यसपछिका अंक विशेषतः निर्वाचनमा केन्द्रित छन् र संविधानका अन्तर्वस्तुबारेको कभरेज लगभग हराएको छ ।

राज्यको पुनर्संरचना पनि संविधान निर्माणसँग नै सम्बन्धित भएकाले *नेपाल*ले पनि संविधान निर्माण प्रक्रियामा भएको प्रगति र त्यहाँ उठेका विवादसँगै संघीयतालगायत राज्य पुनर्संरचनाका मुद्दा पनि महत्त्वसाथ उठाएको छ । संविधानसभाको निर्वाचनलगत्तै सभाले संविधान लेखनको काम सुरु गर्न नसकेपछि नेपालमा राज्य पुनर्संरचनासम्बन्धी सामग्री पनि कम प्रकाशन भएका छन् । तर २०६५ मंसिरदेखि सभाले काम गर्न थालेपछि संघीयतासम्बन्धी बहस पनि बढेर गएका छन् । यो बीचमा एउटा अंकमा मात्र मधेसवादी दलहरूले माग गरे जसरी एक मधेस एक प्रदेश हुन नसक्ने भन्दै थारूहरूले आपत्ति जनाएकोबारे एक-एकओटा रिपोर्ट (पाठक २०६५) र लेख (दनुवार २०६५) छापिएका छन् । त्यसपछि राज्य पुनर्संरचनाबारेको अर्को लेख भने मंसिर २२ गतेको अंकमा छापिएको छ जसमा लेखकले जातीयतालाई मूल आधार बनाए द्वन्द्व उत्पन्न हुन सक्ने भनेका छन् (दल रावल २०६५) । यसै गरी पुस २० गतेको अंकमा प्रकाशित लेखमार्फत टीकाराम राईले गरेको आत्मनिर्णयको अधिकार आत्मघाती बम हुने बताएका छन् (राई २०६५) । लगत्तैको अर्को अंकमा प्रकाशित अच्युत वाग्लेका लेखमा पनि संघीयतामा जाँदा भौगोलिक अखण्डतालाई पहिलो प्राथमिकता दिनुपर्ने उल्लेख छ (वाग्ले २०६५) ।

२०६५ माघदेखि संघीयताबारे श्रीकृष्ण अनिरूद्ध गौतमको 'गणराज्य' स्तम्भ प्रकाशन हुन थालेको छ । यो २०६६ असोजसम्म चलेको थियो । नेपालमा संघीयता वा राज्य पुनर्संरचनाबारे नियमित र अलिक लामो समयसम्म प्रकाशित भएको एक मात्र स्तम्भ हो यो । देशलाई संघीयता आवश्यक रहेको र यसले मुलुकलाई झन् बलियो बनाउने तर्क स्तम्भकारको देखिन्छ (गौतम २०६५क) । उनले शासकीय स्वरूपबारेको लेखमा जनताप्रति सोझै उत्तरदायी सरकार र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुनुपर्ने बताएका छन् (गौतम २०६५ख) । यसै गरी उनले बहुसांस्कृतिक संघीयता (गौतम २०६५ग), संघीय अन्तरसम्बन्धमा केन्द्र र प्रदेश तथा प्रदेश-प्रदेशबीचको सम्बन्ध तथा अन्तरनिर्भरता (गौतम २०६५घ) आदिको सैद्धान्तिक तथा व्यावहारिक पक्षबारे पनि छलफल चलाएका छन् । उनको स्तम्भमा अन्य कुरामा बहस गरेर नेपाली मौलिक मोडेल निर्माण गर्न सकिने भए पनि जातीय संघीयता हुनै नहुने वा हुन नसक्ने तर्क रहेको छ ।

संघीयताबारे *नेपाल*ले प्रकाशन गरेको अर्को लेख (शर्मा २०६५क) मा पनि जातीय संघीयता हुन नसक्ने तर्क देखिन्छ । उनका अनुसार नेपालमा जातीयताको आधारमा प्रदेश विभाजन गर्दा जुन प्रदेशमा पनि अल्पमतले बहुमतलाई शासन गर्ने भएकोले अन्य आधारमा प्रदेश विभाजन गर्नु बढी वैज्ञानिक हुन्छ ।

संघीयताबारे विरोध नै नभए पनि त्यसबारे सतर्क गराउने अथवा आशंका जन्माउने खालका थुप्रै रिपोर्ट, लेख र अन्तर्वार्ता पनि प्रकाशित छन् । २०६६ वैशाख २० को अंकमा प्रकाशित मानवशास्त्री सौभाग्यजंग शाहको लेखमा संघीयीकरणलाई महत्त्वपूर्ण र कठिन अप्रेशनसित तुलना गर्दै अनाडी चक्कुहरूको शिकार भएमा देश सिलाउनै नसक्ने गरी फाट्ने तर्क गरिएको छ । उनले राज्यको एकात्मक पद्धतिलाई चुनौती दिन र जातीय समर्थन बटुल्न माओवादीले अघि सारेको जातीय संघीयता अहिले उसैलाई गलपासो भएको टिप्पणी गरिएको छ (शाह २०६६) । सोही अंकमा संघीयताको एक्लै विरोध गरिरहेको पार्टी राष्ट्रिय जनमोर्चाको आन्दोलनबारे एक रिपोर्ट (पोखेल २०६६ख) र साथमा त्यसका नेता चित्रबहादुर केसीको अन्तर्वार्ता पनि छापिएको छ जसमा उनले संघीयतामा जान नहुने चेत कांग्रेस र एमालेलाई पनि खुल्दै गरेको दाबी गरेका छन् (केसी २०६६) ।

संघीयताले राष्ट्रिय अखण्डता खतरामा पर्नसक्नेबारे पर्याप्त आशंका *नेपाल*का सामग्रीमा देखिन्छ । नेपाली कांग्रेसको संघीयतासम्बन्धी प्रस्तावलाई विश्लेषण गर्दै सो प्रस्तावले अखण्डतालाई कायमै राख्ने निष्कर्ष *नेपाल*ले निकालेको छ । कांग्रेसलाई जातीयता र एक मधेस प्रदेश अमान्य हुनुले अखण्डतालाई जोड

दिएको भन्ने *नेपाल*को विश्लेषण रहेको छ (रावल २०६६ग) । त्यसको एक हप्तापछिको अंकमा पनि जातीय संघीयताका दुष्परिणामहरूबारे श्रीकृष्ण अनिरूद्ध गौतमको लेख छापिएको छ जसमा उनले जातीयताको आधारमा प्रदेशहरू निर्माण गरेर होइन, प्रतिनिधित्वको प्याकेज बनाएर जातीय समस्या हल गर्नुपर्ने बताएका छन् (गौतम २०६६ख) । अर्को रिपोर्टमा माओवादी पनि जातीय प्रदेशको प्रस्तावबाट पछि सर्न खोजेको भन्ने एउटा रिपोर्ट छापिएको छ (रावल २०६६घ) । माओवादीको राज्य पुनर्संरचनासम्बन्धी नीतिबारेको अर्को फलोअपमा धेरै प्रदेश बनाएर राज्य कमजोर हुने भएकाले पार्टीभित्र छ प्रदेशको खाकाबारे बहस चलिरहेको रिपोर्ट प्रकाशित भएको छ (रावल २०६६ङ) । लगत्तैको अर्को अंकमा संघीयताको विरोधमा देखिएको एउटा मात्र पार्टी नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहको अन्तर्वार्ता छापिएको छ जसमा उनले संघीयताको विकल्पमा विकेन्द्रीकरणसहितको एकात्मक शासन हुनसक्ने तर्क अघि सारेका छन् । यसपछि राज्यको पुनर्संरचनाबारे थप बहस भएको छैन र *नेपाल*को कभरेज जेठ १४ मा संविधान नबनेपछि स्थिति के होला भन्नेतर्फ निर्देशित छ जसबारे माथि नै चर्चा भइसकेको छ ।

### ***हिमाल*को कभरेजः अन्तरिम संविधानदेखि 'संविधान यात्रा'सम्म**

*हिमाल*को कभरेजलाई दुई खण्डमा राखेर हेर्न सकिन्छ : अन्तरिम संविधान घोषणादेखि २०६५ कात्तिकसम्मको पहिलो अवधि जतिबेला *हिमाल*ले आफ्नै स्रोत-साधनमा संविधान निर्माण र त्यसका अन्तर्वस्तुबारे बहस चलाएको थियो । यो अवधिमा सीमित सामग्री प्रकाशित छन् । अर्को अवधि 'संविधान यात्रा'को अवधिलाई लिन सकिन्छ जसअन्तर्गत *हिमाल*ले बृहत् कभरेज गरेको छ ।

पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ माघ १ गते अन्तरिम संविधानको घोषणा गर्दै सोअनुरूप आफूलाई अन्तरिम व्यवस्थापिकामा परिणत गऱ्यो जसमा नेकपा (माओवादी) दोस्रो ठूलो दलको रूपमा सहभागी बन्यो । तर अन्तरिम संविधान जारी हुनु अगाडि नै दलहरूले २०६३ मंसिर २९ मा संविधानमा हस्ताक्षर गरेपछि *हिमाल*ले आलोचनात्मक टिप्पणी गरेको छ । उसले सच्याउनुपर्ने धेरै कुराहरू रहेको बताए पनि ती कुराहरू संविधानसभाको चुनाव वा संविधान निर्माणसँग सम्बन्धित भने छैनन् । तर संविधान जारी भएर अन्तरिम संसद् गठन भएको कुरालाई भने *हिमाल*ले कुनै कभरेज दिएको छैन र उसको कभरेज तराई मधेसमा उठेको आन्दोलनमा केन्द्रित छ । मधेस आन्दोलनको फलोअपबाट नै *हिमाल*ले राज्य पुनर्संरचनाबारे बहस चलाएको छ । २०६३ फागुन १ को अंकमा

आवरणसहित अबको राज्य संघीय र सामेली हुने तराई केन्द्रित आन्दोलनको माग रहेको *हिमाल*को टिप्पणी रहेको छ (नेपाल २०६३ र लाल २०६३) ।

लगत्तैको अंकबाट भने *हिमाल*ले जेठमा निर्धारित चुनाव हुन नसक्ने उल्लेख गर्दै लेखेको छ (सिम्खडा २०६३) र अर्को अंकमा त म्यागेजिनका प्रकाशक कनकमणि दीक्षितले आफ्नो नियमित स्तम्भ 'उकालो लाग्दा'मा जेठमा चुनाव हुन नसक्ने ठोकुवा गर्दै सबैले बेलैमा मुख खोलेर वास्तविकता बोध गर्नुपर्ने बताएका छन् (दीक्षित २०६३) । त्यसपछिका केही अंकसम्म *हिमाल*ले संविधानसभाको चुनाव र त्यसको तयारीबारेका रिपोर्ट तथा अन्तर्वार्तालाई प्रधानता दिएको छ । निर्वाचन क्षेत्र निर्धारण आयोगले २४० क्षेत्र कायम गर्नुपर्ने प्रतिवेदन दिएपछि त्यसलाई आलोचनात्मक रूपमा हेर्दै प्रतिवेदन कार्यान्वयन भएमा ४९७ सदस्यीय हुने संविधानसभाको आकार अनावश्यक रूपमा ठूलो हुने टिप्पणी प्रकाशित छ (सिम्खडा २०६४) । समानुपातिक प्रणालीप्रति पनि *हिमाल*को आलोचना रहेको छ । उसले वर्चस्वको लडाइँमा मात्र यस्तो प्रणाली आएको र सो प्रणालीअन्तर्गत आरक्षित समूहबाट योग्य उम्मेदवार पाउन पनि दलहरूलाई हम्मेहम्मे हुने बताएको छ (पुनमगर २०६४) ।

साथसाथै *हिमाल*ले राज्य-पुनर्संरचना अथवा संघीयताका स्वरूपबारे पनि बहस सुरु गरेको छ । २०६३ चैत १ को अंकमा अबको संघीयता कस्तो हुनुपर्ने भन्नेबारे पुरुषोत्तम दाहालको लेख (दाहाल २०६३) र जातीय संघीयता नै हुनुपर्ने महेन्द्र लावतीको लेख (लावती २०६३) तथा जातीय राज्य समाधान हुन सक्दैन भन्ने केशव सूर्यवंशी मगरको लेख (मगर २०६३) पनि छापिएको छ ।

२०६४ जेठका लागि निर्धारित चुनाव मंसिरमा सारेपछि भने चुनाव हुनसक्ने विश्लेषण गर्दै त्यसतर्फ जनमत निर्माण गर्न *हिमाल* जुटेको देखिन्छ । विभिन्न माग राख्दै भदौमा माओवादी सत्ताबाट बाहिरिएपछि मंसिरमा निर्धारित चुनाव पनि अन्योलमा पर्‍यो । मंसिरको अन्त्यमा समानुपातिक चुनाव प्रणालीलगायतका विषयमा सहमति भएपछि मात्रै चैतमा निर्वाचनको नयाँ मिति तोकिएको थियो । यसकारण चुनावको मिति र सत्ता राजनीतितर्फ नै *हिमाल*को कभरेज पनि केन्द्रित छ र भावी संविधानका अन्तर्वस्तुबारेको बहसले निरन्तरता पाउन सकेको छैन । चुनावका लागि चर्चामा आएको समानुपातिक निर्वाचन प्रणालीबारे केही सामग्री प्रकाशित भए पनि केही समयअघि नै *हिमाल*ले सुरु गरेको संघीयताबारेको बहस २०६४ सालमा झन्नै एक वर्ष हराएर २०६५ वैशाखमा त्यससम्बन्धी केही सामग्री प्रकाशित भएपछि मात्र यस्ता सामग्रीहरूको नियमित कभरेज सुरु भएको छ ।

संविधानसभाको निर्वाचन सम्पन्न भएपछि मात्रै यस्ता बहसले पुनः स्थान प्राप्त गर्न सकेका हुन् । *हिमाल*ले संविधानसभाको निर्वाचन सम्पन्न हुनुलाई ठूलो उपलब्धिका रूपमा प्रस्तुत गरेको छ । निर्वाचन लगत्तै २०६५ नववर्ष पनि पर्ने भएकाले *हिमाल*ले यो अंकलाई नयाँ वर्ष विशेष अंकका रूपमा चित्रित गरेको छ । *हिमाल*ले सधैँ नयाँ वर्षको अंकलाई विशेष अंकका रूपमा प्रकाशित नगर्ने भएकाले निर्वाचनपछिको खुसियालीका रूपमा यो अंक आएको छ । यो अंकको सम्पादकीयमा निर्वाचनमा भाग लिएर जनताले राष्ट्रिय एकताको प्रदर्शन गरेको *हिमाल*ले ठहर गरेको छ (हिमाल २०६५क) । संविधानसभा निर्वाचनबारेको कभरेजलाई स्थान दिए पनि यो अंकमा *हिमाल*ले नेपाली राष्ट्रियताको निर्माणलाई आवरण कथा बनाएको छ, जसअनुसार राजतन्त्रात्मक र केन्द्रीकृत राष्ट्रियता भत्केर संघीय र गणतन्त्रात्मक हुने क्रममा रहेको छ (नेपाल २०६५) । सोही अंकमा संघीयताबारे बृहत् सामग्री पनि प्रकाशित छन् । संघीयताको नेपाली मोडेल निर्माण गर्नु चुनौतीपूर्ण रहेको भन्ने जेबी पुनमगरको रिपोर्टमा जातीय राज्य बन्न नसक्ने र हचुवाका भरमा संघीयीकरण गर्दा देश विखण्डन हुन सक्ने खतरा औँल्याइएको छ । रिपोर्टमा आर्थिक अन्तरसम्बन्ध, स्रोत परिचालनजस्ता कुरालाई ध्यानमा राखेर संघीयीकरण गरेमा देश थप मजबुत हुने तर्क गरिएको छ (पुनमगर २०६५क) । सोही अंकमा छापिएको भूगोलविद् पीताम्बर शर्माको लेखमा पनि नेपालमा संघीय एकाइहरू बहुजातीय र बहुभाषिक हुने भएकाले जातीय आधारमा संघीयता हुन नसक्ने तर्क गरिएको छ (शर्मा २०६५ख) । २०६५ वैशाख १६ को अंकमा चुनावको परिणामपछिको अवस्थाबारे विस्तृत कभरेज रहेको छ । यही अंकदेखि नै *हिमाल*ले समयमै संविधान बनाउनु नवनिर्वाचित संविधानसभाको कार्यभार रहेको भन्दै घच्घच्याउने प्रयास गरेको छ । त्यसपछि गणतन्त्र घोषणालाई *हिमाल*ले शान्तिपूर्ण क्रान्तिमार्फत जनताले प्राप्त गरेको विजयका रूपमा चित्रण गरेको छ ।

संविधानसभाले काम सुरु गर्न ढिला गरेकोबारे एउटा रिपोर्ट (सिम्खडा २०६५), संविधानसभाको समावेशी स्वरूपबाट जनजातिहरू उत्साही बनेको भन्ने एउटा लेख (गुरुङ २०६५), राष्ट्रपति निर्वाचनबारे रिपोर्ट लगायतका केही सामग्री प्रकाशित भए पनि संविधानको अन्तर्वस्तुबारेको बहस भने केही समय हराएको देखिन्छ । वैशाख १ को अंकपछि संघीयताबारे अर्को सामग्री साउन १६ को अंकमा मात्र छापिन्छ जसमा आलोक बोहराले कर्णाली, गण्डकी, कोशी र काठमाडौँ गरी चार प्रदेशको 'आत्मनिर्भर मोडेल' प्रस्ताव गरेका छन् (बोहरा २०६५) । यो लेखलाई *हिमाल*ले 'संविधान यात्रा'को क्रममा पुनः प्रकाशन गरेको छ । त्यसको एक महिनापछिको अंकमा जातीय राज्य बनाउन विभिन्न समूहका

प्रयासबारे एक रिपोर्ट (पुनमगर २०६५ख) र जनमुखी संघीयता हुन जातीय आधार हुनैपर्ने भन्ने महेन्द्र लावतीको अर्को लेख (लावती २०६५) पनि प्रकाशित छन् ।

## *हिमाल*को कभरेज : 'संविधान यात्रा'को अवधि

अनियमित रहेको संविधान निर्माण र राज्यको पुनर्संरचनाबारे २०६५ कात्तिकदेखि *'संविधान यात्रा'* नाममा बृहत् कभरेज सुरु गरेपछि *हिमाल*ले नियमित र विस्तृत बहस अगाडि ल्याएको छ । अमेरिकी सहयोग नियोगको अफिस फर ट्रान्जिसनल इनिसिएटिभ्स (ओटीआई) को सहयोगमा सञ्चालित 'संविधान यात्रा'अन्तर्गत प्रत्येक अंकमा औसत १५ पृष्ठमा संविधान निर्माण र राज्य-पुनर्संरचनासम्बन्धी सामग्री छापिएका छन् । प्रत्येक अंकमा संघीयता, राज्य-पुनर्संरचना तथा संविधान निर्माणका महत्त्वपूर्ण र नयाँ विषयवस्तुबारे विश्लेषणात्मक लेख, अन्तर्वार्ता, विज्ञ र सरोकारवालासितका अन्तर्क्रिया, सभासद्का अनुभव र अन्तर्वार्ता र देशका प्रमुख प्रतिनिधिमूलक सहरहरूमा पुगेर गरिएका अन्तर्क्रियामा व्यक्त जनमतलाई प्रस्तुत गरिएको छ । २०६५ कात्तिक १६ को अंकदेखि सुरु भएको यो क्रम झन्नै डेढ वर्ष चलेको छ र सोअन्तर्गत प्रकाशित लेख *हिमाल*ले पुस्तकको रूपमा *संविधान यात्रा* र *संविधान यात्रा २* गरी दुइटा किताब पनि प्रकाशन गरेको छ (हिमाल मिडिया २०६६; दाहाल र सिम्खडा २०६६) ।[६]

'संविधान यात्रा'अन्तर्गत *हिमाल*ले मूलतः संघीयताको अवधारणा र परिभाषा, संघीयताको स्वरूप र आधार, राज्यको पुनर्संरचना, संघीयतामा शासन प्रणाली, संविधान निर्माणको विधि र प्रक्रिया तथा जनताको अभिमतलाई बाहिर ल्याउने अभिप्रायः देखिन्छ । 'संविधान यात्रा'को सुरुमा संघीयताबारे अर्थ निर्माण गर्ने उद्देश्यले चार अंकसम्म कृष्ण खनालसँगको अन्तर्वार्ता छापिएको छ । जसमा संघीयता के हो भन्ने प्रारम्भिक जानकारीदेखि त्यसको आवश्यकता, संघीयतामा जातीय-भाषिक पहिचान, विश्वका अभ्यास आदिबारे प्रश्नोत्तर समेटिएको छ । अन्तर्वार्ता अघि बढ्दै जाँदा त्यसका कठिन मुद्दा जस्तै, प्रदेश निर्माणका आधार, एक मधेस-एक प्रदेश अवधारणाको औचित्य, राज्य पुनर्संरचना आयोगको आवश्यकता, संघीयतामा केन्द्र र प्रदेशबीचको सम्बन्ध, संघीयतामा जाँदा देश

---

६ उपर्युक्त पुस्तकमा सबै सामग्री नसमेटिएकाले यो अध्ययनमा पत्रिकाको कभरेजलाई नै अध्ययन गरिएको हो, तर सन्दर्भग्रन्थ उल्लेख गर्ने क्रममा पुस्तकमा संलग्न जति सामग्रीहरूलाई पुस्तकबाट उद्धृत गरिएको छ ।

टुक्रिने आशंका, आत्मनिर्णयको अधिकार आदिबारे पनि प्रस्ट्याउने प्रयास भएको छ । खनालका अनुसार राज्यको पुनर्संरचनाका लागि संघीयता आवश्यक हुने, त्यसले राष्ट्रलाई झन् बलियो बनाउने र नेपालमा आफ्नै मौलिक खाले संघीयताको विकास गर्नुपर्दछ (खनाल २०६६ख) ।

*हिमाल*ले बीचमा संविधान निर्माण र संघीयताबारे विभिन्न बहस चलाएर सो क्रममा उब्जिएका विवादहरूलाई संश्लेषण गर्ने गरी २०६६ फागुन १-१५ देखि तीन अंकसम्म फेरि कृष्ण खनालको अन्तर्वार्ता छापेको छ । अन्तर्वार्तामा उनले नेताहरूको संस्कार प्रजातान्त्रिक भएमा शासनको मोडेलले समस्या नपर्ने (खनाल २०६६ग), अर्को अंकमा माओवादीले प्रस्ताव गरेको संविधान व्याख्याको अधिकारसहितको व्यवस्थापिकाको विशेष समिति तानाशाही हुनसक्ने (खनाल २०६६घ) बताएका छन् । यसै गरी संघीयीकरण गर्दा पहिचान र सामर्थ्यलाई सँगसँगै लैजानुपर्ने बताएका छन् (खनाल २०६६ङ) ।

संघीयताको अर्थ निर्माण गर्ने क्रममा एक अमेरिकी प्राध्यापक न्यान्सी बर्मियोको लेख पनि छापिएको छ जसमा संघीयता भनेकै सम्झौता भएकाले प्रजातान्त्रिक व्यवस्था अँगालेका मुलुकमा मात्र यस्तो व्यवस्था सफल हुन सक्ने दाबी गरिएको छ (बर्मियो २०६६) । यसै गरी पाकिस्तानको संघीयताको अनुभवसम्बन्धी लेखमा विपिन अधिकारीले संघीयताको अभ्यासलाई राम्रोसँग अगाडि बढाउन नसकेकोले त्यहाँ समस्या आएको बताएका छन् । प्रजातान्त्रिक वातावरण, कानुनी शासन, शक्ति पृथकीकरण र स्वतन्त्र न्यायपालिका नभएमा संघीयताले काम नगर्ने उनको निष्कर्ष रहेको छ (अधिकारी २०६६क) ।

संघीयताको स्वरूप र आधारबारे *हिमाल*ले भिन्न विचारलाई पनि स्थान दिएको छ । विशेष गरी संघीयताको आधार भूगोल, सामर्थ्य वा पहिचान के हुने भन्नेबारे विज्ञ र राजनीतिकर्मीहरूबीच विवाद देखिन्छ । यी सबै खाले विचारहरूलाई *हिमाल*ले स्थान दिएको छ । एनेकपा (माओवादी) र केही जातीय अभियन्ताहरूले पहिचानलाई महत्त्व दिई त्यसैका आधारमा संघीयता हुनुपर्नेमा जोड दिएका छन् । बालकृष्ण माबुहाङ, महेन्द्र लावती आदिका लेखहरूमा यस्तो आवाज रहेको छ (लावती २०६३; लावती २०६५; माबुहाङ २०६६, तर 'संविधान यात्रा' सुरु भएपछि भने लावतीका लेख प्रकाशित छैनन्) । बहुआधारमा राज्य निर्माण गरिनुपर्छ भन्ने परि थापाको लेखमा जातीय आधारमा लिम्बुवान, खुम्बुवान, ताम्सालिङ, नेपाःमण्डल, तमुवान, मगरात र थरूहट, भाषिक आधारमा मिथिला-थारू र भोजपुरी-अवधी तथा भौगोलिक (क्षेत्र) आधारमा खसान र पश्चिम खसान गरी ११ प्रदेशको प्रस्ताव अघि सारिएको छ (थापा २०६६ : ५८) ।

दुर्गाप्रसाद पौडेलले पनि सामर्थ्यको आधारमा वर्तमान विकास क्षेत्रलाई नै प्रदेशमा रूपान्तरण गर्नुपर्ने बताएका छन् (पौडेल २०६६) । सोही अंकमा प्रकाशित अर्को लेखमा भने एकजना माओवादी सभासद्ले संविधानसभाको राज्य पुनर्संरचना समितिले पेस गरेको १४ प्रदेशको प्रस्तावको समर्थन गरेका छन् (आङदेम्बे २०६६) । यसै गरी अर्का लेखकले पनि प्रदेश निर्माण गर्दा थप सतर्कता अपनाउनुपर्ने र हतार गर्न नहुने बताएका छन् (प्रधान २०६६) ।

भूगोलको आधारमा मात्र संघीयता हुनुपर्दछ भन्ने आवाज भने एक मधेस एक प्रदेशको सन्दर्भमा तराई केन्द्रित दलहरूको रहेको छ । धेरै भूगोलविद्, संघीयताबारेका विज्ञ तथा नेपाली कांग्रेस र एमालेजस्ता ठूला दल तथा नेकपा (माले) र नेपाल मजदुर किसान पार्टीजस्ता साना दलहरूले भने सामर्थ्यको आधारमा संघीयता हुनुपर्ने तर्क राखेका छन् । सामर्थ्यको आधारमा उत्तर दक्षिण हुने गरी संघीय राज्य बनाइनुपर्दछ भन्ने कुराले अरू *हिमाल*को कभरेजमा दुई आधारहरू पहिचान र सामर्थ्यभन्दा अत्यन्त बढी स्थान पाएको छ । विभिन्न जिल्लाहरूको सामर्थ्यलाई केलाउने क्रममा *हिमाल*ले विभिन्न स्रोतहरूको विश्लेषण गरेको छ । पाँच अंकसम्म लगातार प्रकाशित यी सामग्रीहरूमा काठ दाउरा र जडिबुटीको आधारमा, खनिज, ढुंगा बालुवा र विद्युत्को आधारमा, पर्यटनको आधारमा र कृषिको आधारमा जिल्लाहरूको तुलनात्मक स्थिति देखाइएको छ । यी सामग्रीले जिल्लाहरू एकअर्कामा निर्भर रहेको देखाउँछ (पोखरेल २०६६) । २०६६ सालपछि पहिचानको आधारमा जातीय राज्य हुनै नसक्ने र त्यसबाट माओवादीसमेत पछि हट्न थालेको भन्ने कोणबाट *हिमाल*ले सामग्री पस्केको छ । २०६७ वैशाख १ को अंकमा १४ प्रदेशको प्रस्तावको चिरफार गर्दै सरोकारवाला कोही पनि खुसी नभएकाले पुनरावलोकन गर्नुपर्ने *हिमाल*को टिप्पणी रहेको छ (पुनमगर २०६७) ।

प्रकाशित केही लेखहरूले भने भूगोल, सामर्थ्य र जनसंख्या तीनओटै कुरालाई ख्यालमा राखेर संघीयतामा जानुपर्ने तर्क अघि सारेका छन् । यस्तो प्रस्ताव गर्ने नन्दगोपाल रञ्जितकारले अरुण-तमोर, सुनकोशी, बाग्मती, त्रिशुली-नारायणी, फेवा, रारा, लुम्बिनी र तल्लो कर्णाली गरी आठ प्रदेशको खाका अघि सारेका छन् (रञ्जितकार २०६६) । संघीयता आवश्यक नै नरहेको भनेर आन्दोलन गरेको राष्ट्रिय जनमोर्चाको आवाजलाई पनि *हिमाल*ले ठाउँ दिएको छ (पुन २०६६) ।

राज्य पुनर्संरचना मूलतः संघीयतासित धेरै अर्थमा जोडिएको छ । संघीयताले राज्यका अन्य अवयवहरूको पनि पुनर्संरचना निर्धारण गर्दछ । त्यसकारण

राज्यपुनर्संरचना खण्डमा पनि मूलतः जातीयताको नीतिले ल्याउन सक्ने समस्या, एक मधेस प्रदेश र संविधान निर्माणमा भएका वादका बहसबारे लेख प्रकाशित छन् । माओवादीको जातीय नीतिले देश अन्तहीन जातीय दलदलमा फस्ने र विखण्डन हुनसक्ने (गौतम २०६६), राज्यहरूको जातीय नामकरण गर्दा त्यसको मनोवैज्ञानिक असर नै नकारात्मक हुने भएकाले त्यसो गर्न नहुने (बोखिम २०६६), नयाँ संविधानमा दलितका हक-अधिकारलाई सुनिश्चित गरिनुपर्ने (दर्नाल २०६६), इतिहासमा जातीय राज्य कतै नपाइएकाले माओवादी र अन्य केही जातीय संगठनहरूले माग गरेजस्तो जातीय राज्य हुन नसक्ने (ढुंगेल २०६६) जस्ता तर्क गरिएका लेख यो खण्डमा प्रकाशित छन् ।

संघीयतामा शासन प्रणाली खण्डअन्तर्गत पनि मूलतः संघीयता अवलम्बन गर्दा न्याय, सेना-प्रहरी र निजामती सेवालाई कसरी पुनर्संरचना गर्ने भन्ने कुरालाई *हिमाल*ले जोड दिएको छ । यी लेखहरूले शक्ति पृथकीकरणको सिद्धान्तलाई जोड दिएका छन् । साथै एउटा लेखमा स्थानीय स्वशासनको स्वरूप के हुने भन्नेबारे पनि *हिमाल*ले लेख छापेको छ (अधिकारी २०६६ख) ।

संविधान निर्माणको विधि र प्रक्रियाबारे पनि *हिमाल*ले धेरै सामग्री पस्केको छ । विभिन्न समितिहरूले गरिरहेको कामलाई फलोअप गर्ने र त्यहाँ भएका विषयलाई सार्वजनिक बहसमा ल्याउने प्रयास *हिमाल*ले गरेको छ । संविधान निर्माणमा भइरहेका प्रगतिबारे जनतालाई सुसूचित गर्न *हिमाल*ले एक पटकभन्दा बढी सभाध्यक्ष सुवास नेम्वाङ र संवैधानिक समितिका सभापति नीलाम्बर आचार्यको अन्तर्वार्ता प्रकाशन गरेको छ ।

यात्राको पहिलो अंकमै 'सभासद् वार्ता' खण्डअन्तर्गत भिन्न दलका पाँच महिला सभासद्हरूको अन्तर्वार्ता छापिएको छ । उनीहरूलाई छुट्टाछुट्टै प्रश्न सोधिएका छन् जसमा संविधानसभामा उनीहरूले खेल्न सक्ने भूमिका, संविधानसभा नियमावली निर्माणसम्बन्धी नियम र संघीयताबारे रहेका छन् । हरेक अंकमा एउटा लेख सभासद्लाई लेख्न लगाएर *हिमाल*ले संविधान निर्माणमा भइरहेका प्रगतिबारे सूचना प्रदान गर्ने प्रयास गरेको छ । लेखकको रूपमा कम चिनिएका सभासद्हरूले पनि 'सभासद्को कलमबाट' स्तम्भमा लेख्ने अवसर पाएका छन् ।

संविधान निर्माणको क्रममा जनताको अभिमत पनि सुनियोस् भन्ने हेतुले विभिन्न समुदाय वा स्थानमा पुगेर समुदायका अगुवा तथा स्थानीय प्रबुद्ध व्यक्तिहरूसँग गरिने अन्तर्क्रियालाई पनि *हिमाल*ले प्रकाशन गरेको छ । देशका प्रतिनिधिमूलक स्थानमा पुगेर गरिएका अन्तर्क्रिया समेटिने 'जनबोली' खण्डमा पोखराको सीमान्त सहर हेम्जामा अन्तर्क्रिया गरिएको छ । जसमा विभिन्न

क्षेत्रलाई प्रतिनिधित्व गर्ने एक दर्जनभन्दा बढी स्थानीयहरूले आफ्ना मत राखेका छन् । विभिन्न स्थानमा गरिएका यस्ता अन्तर्क्रियाहरूमा पनि जातीय आधारमा संघीयता हुन सक्दैन भनेर आएका आवाजहरूलाई *हिमाल*ले विशेष महत्त्वसाथ प्रकाशन गरेको छ । त्यसपछि *हिमाल*ले मुस्लिम अगुवाहरूसित पनि अन्तर्क्रिया गरेको छ । अन्तर्क्रियाको क्रममा *हिमाल*को टोलीले पूर्वदेखि पश्चिम र दक्षिणदेखि उत्तरसम्मका प्रमुख सहर पुगेर जनमत बुझ्ने प्रयास गरेको छ ।

संविधान निर्माणको पहिलो कार्यकालको अन्त्यतिर *हिमाल*ले जनमत सर्वेक्षण गरेर त्यसका रिपोर्टलाई पनि प्रकाशन गरेको छ (खनाल २०६७) । २०६७ वैशाख १६-३१ को अंकमा प्रकाशित जनमतको नतिजाले जेठ १४ मा संविधान नबनेमा म्याद थप नै उत्तम विकल्प रहेको भन्नेमा सर्वाधिक मत परेको र माओवादीले भनेजस्तो विद्रोह जनताले चाहँदैनन् भन्ने कुरालाई जोड दिएको छ ।

तोकिएको अवधिमा संविधान नबन्ने अड्कल *हिमाल*ले २०६६ चैतका अंकदेखि नै गरेको छ । २०६६ चैत १ गतेको अंकमा रूपन्देहीबाट स्थलगत टिपोर्टमा जनताले समय होइन, संविधान खोजेको भन्दै संविधानसभाको म्याद थपेर भए पनि संविधान बनाउनुपर्ने बताएका छन् (गाहामगर २०६६) । माथि उल्लेख भएझैँ जनमत सर्वेक्षणमा पनि सबैभन्दा बढी मत संविधानसभाको म्याद थप्नुपर्ने रहेको उल्लेख छ । २०६७ वैशाखको अंकमा पनि *हिमाल*ले संविधानसभाको म्याद थप्नुपर्ने र त्यसका लागि संविधान संशोधन नै उत्तम विकल्प हुने उल्लेख गरेको छ (भुसाल २०६७) । र, यो क्रम संविधानसभाको म्याद नथपुञ्जेलसम्म कायमै रहेको छ ।

यसरी *हिमाल*ले संविधान निर्माण प्रक्रिया र त्यसका अन्तर्वस्तुबारे गहन रूपमा बहस चलाएको छ । संविधान निर्धारित मितिमा पछिल्लो समयमा नबन्ने जस्तो देखिएपछि संविधानसभाको म्याद थप्नुपर्नेतर्फ *हिमाल*ले विचार निर्माण गर्ने प्रयास गरेको छ ।

## ***नेपाल*को पक्षधरता**

साढे तीन वर्षको कभरेजलाई शृंखलामा हेर्ने हो भने संविधान निर्माण र त्यस वरिपरिका विषयमा गहन रूपमा एजेन्डा निर्माण गर्न *नेपाल* चुकेको छ । यसको मुख्य कारण घटनाप्रधान कभरेज हो । संविधानका विषयवस्तुबारे गहन छलफल हुने बेला उसको प्रतिस्पर्धी *हिमाल*ले 'संविधान यात्रा' सुरु गरेपछि *नेपाल*ले भने कभरेज घटाएको छ । मानवीय र आर्थिक स्रोतको अभाव र सम्भवतः *हिमाल*सँग

त्यस्तै प्रतिस्पर्धामा सामेल हुन नचाहेर हुनसक्दछ । संविधान निर्माण भइरहेको महत्त्वपूर्ण बेलामा *नेपाल*ले निश्चित मुद्दामा एजेन्डा निर्माण गर्ने प्रयास गरेको छैन । यद्यपि सीमित र रिपोर्टिङप्रधान कभरेजबाट नै पनि *नेपाल*ले निर्माण गर्न चाहेका केही एजेन्डाहरू प्रस्ट हुन्छन् ।

सर्वप्रथम, गणतन्त्र भारतीय चाहनाअनुसार आएको कुरालाई *नेपाल*ले स्थापित गर्न खोजेको छ । उसले गणतन्त्र घोषणामा प्रस्ट रूपमा भारतीय गुप्तचर संस्था 'र'को हात रहेको उल्लेख गरेको छ । गणतन्त्र घोषणालगत्तै राष्ट्रिय स्वाधीनता कमजोर बन्न सक्ने भन्दै सतर्कता र चेतावनीमूलक सामग्री प्रकाशित छन् ।

यसै गरी संघीयताबारे पनि *नेपाल* सतर्क र आशंकित रहेको छ । पहिचानमा आधारित संघीयताले नेपालीको भलो हुन नसक्ने, सार्वभौमसत्ता खण्डित हुने र थप द्वन्द्व आउन सक्ने *नेपाल*को चिन्ता रहेको छ । जातीय राज्य विरोधी लेखहरूलाई धेरै ठाउँ दिनु र पक्षधरहरूलाई पनि स्थान दिएर सन्तुलित गर्ने प्रयास नगर्नाले *नेपाल*ले आफूलाई जातीय राज्यको विरोधीका रूपमा चिनाएको छ । तर, उसको कमजोरी के देखिन्छ भने कुनै पनि एजेन्डालाई नियमित र बृहत् कभरेज दिएर एजेन्डा निर्माण गर्नुभन्दा पनि एजेन्डा उठाउनु मात्रैमा उसको भूमिका सीमित छ ।

अध्ययनका क्रममा *नेपाल*ले संविधान निर्माण जत्तिकै महत्त्वसाथ अन्य दुई कुरालाई पनि उठाएको छ – नेपालमा उत्तरी छिमेकीको बढ्दो चलखेल तथा माओवादीभित्रको अन्तर्द्वन्द्व । संक्रमणकालीन अवस्थामा हुन सक्ने वैदेशिक हस्तक्षेप तथा नेपालमा चीनको बढ्दो चासोलाई नेपालले नियमित एकभन्दा बढी पटक आवरणकथाको रूपमा कभरेज दिएको छ । विदेशी चलखेलबारे उसको कभरेजबाट दुई निष्कर्षमा पुग्न सकिन्छ (क) नेपालका प्रमुख राजनीतिक घटनाहरूमा भारतको गुप्तचर निकायसम्मले चलखेल गर्दछ र (ख) नेपालमा चीनको चलखेल निरन्तर र आक्रामक रूपमा बढिरहेको छ, जसले गर्दा *नेपाल* भविष्यमा चीन र भारतबीचको खेलमैदानमा परिणत हुन सक्छ ।

यसरी नै *नेपाल*ले एनेकपा (माओवादी) भित्र जनविद्रोहसम्बन्धी विवाद र पार्टीभित्रको अन्तरविरोधबारे केलाउन धेरै स्थान नियमित रूपमै छुट्ट्याएको छ । तर, त्यही दलले सार्वजनिक गरेको नमुना संविधानबारे भने विश्लेषण गरेको छैन । माओवादीको अन्तर्द्वन्द्वबारे *नेपाल*को विश्लेषणमा जनविद्रोहको नीति माओवादीले त्यागेको छैन बरु त्यसका लागि पार्टीभित्रबाट बलियो आधार सिर्जना गर्दै छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । यसले *हिमाल*झैँ माओवादीका एजेन्डाहरूलाई खासै विरोध नगरे पनि, उक्त पार्टीप्रति अविश्वास सिर्जना हुने गरी वा माओवादी

संविधान निर्माण र शान्ति प्रक्रियामा विश्वसनीय शक्ति होइन भनेर स्थापित गर्न खोजेको छ ।

## *हिमाल*को पक्षधरता

*हिमाल*ले 'संविधान यात्रा'को क्रममा संविधान निर्माणको प्रक्रियालाई सहज बनाउने उद्देश्यसाथ विभिन्न क्षेत्र र जात समुदायका माग, अपेक्षा र आकांक्षालाई प्रकाशन गरेको छ । *हिमाल*ले गहन रूपमा संविधान निर्माण प्रक्रिया र त्यसका अन्तर्वस्तुबारे बहस चलाएको छ । तर यस क्रममा पत्रिकाका केही आफ्नै पक्षधरता पनि स्पष्ट देखिएका छन् । सचेत रूपमा चुस्त सम्पादकीय प्रक्रिया पार गरेर मात्र यस्ता सामग्री प्रकाशन भएकाले कुनै कुरालाई जोड दिनु वा त्यसको अर्को पक्षलाई सही र समानुपातिक स्थान नदिनुले म्यागेजिनको पक्षधरता स्पष्ट गर्दछ । पत्रिकाले देशका मूल मुद्दाहरूमा सम्पादकीयमै पनि आफ्नो यो पक्षधरतालाई स्पष्ट पार्ने प्रयास गरेको छ (हिमाल २०६५ख) । सम्पादकीयमै *हिमाल*ले आधारभूत मानव अधिकार र बहुलवादप्रति आफ्नो प्रतिबद्धता रहेको र कुनै व्यक्ति वा संस्थाले प्रेस स्वतन्त्रतालगायत यी मान्यताको विरूद्ध 'आफ्नो मात्र भिजन लाद्न खोजेमा त्यस्तो व्यवहारको खिलाफ उभिनु हाम्रो धर्म हुनेछ' उल्लेख गरेको छ । व्यक्ति वा संस्था उल्लेख गरेर *हिमाल*ले आगामी संविधानसभाले समेत यी मान्यताको विरूद्ध निर्णय गर्ने प्रयास गरेमा त्यसका विरूद्ध उत्रने प्रस्ट पार्न खोजेको छ । सोही सम्पादकीयमा *हिमाल*ले आफ्नो थप पक्षधरता प्रस्ट पार्दै लेखेको छ :

- जातीय स्वायत्तता तथा एक मधेस एक प्रदेशले गाउँघरमा बस्ने जातजाति तथा समुदायको भलो नहुने भएकाले पहिचान, आर्थिक सम्भावना तथा भौगोलिक व्यावहारिकताको आधारमा संघीयीकरण गर्नुपर्दछ ।
- लडाकु समायोजन गर्दा सकेसम्म सबैलाई पुनर्स्थापनामा पठाउनुपर्ने, नभएमा पनि सामूहिक रूपमा नेपाली सेनामा भित्र्याउन हुँदैन ।
- चिनियाँ कुटनीतिज्ञलाई बढी क्रियाशील हुन दिनुहुँदैन र भारतीय जासुसी संयन्त्रका प्रतिनिधिसँग *नेपाल*का नेताले घुलमिल गर्नुहुँदैन ।
- पुँजीवादी बजार व्यवस्थालाई फस्टाउन दिनुको विकल्प छैन ।
- बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्थाको विकल्प छैन । कम्युनिस्ट जनगणतन्त्रले एक पार्टी प्रणाली अंगीकार गर्ने भएकाले त्यसप्रति सबै सतर्क हुनुपर्दछ (हिमाल २०६५ख) ।

अध्ययन अवधिको सुरुमा नेकपा (माओवादी) प्रति सहनशील देखिएको *हिमाल* म्यागेजिन पछिल्लो अवधिमा आक्रोशित देखिएको छ । संविधानसभा चुनावमा अति कम भोटसहित संसद्मा सीमान्त (मार्जिनल) शक्ति हुने अनुमान *हिमाल*ले गरेको थियो (देवकोटा २०६४) । २०६४ भदौ १६ को अंकमा *हिमाल*ले माओवादी परिणामको डरले संविधानसभा चुनावमा जान डराइरहेको उल्लेख गरेको छ । माओवादी तेस्रो शक्तिका रूपमा स्थापित हुनु नै *हिमाल*ले आफ्ना लक्षित पाठकवर्ग वा समुदाय र आफूलाई पनि हितकर हुने ठानेको देखिन्छ । तर, यसको विपरीत माओवादी संविधानसभामा आश्चर्यजनक रूपमा अधिक मतसहित सबैभन्दा ठूलो दल बनेपछि *हिमाल*को कभरेजको शैली परिवर्तन भएर माओवादीप्रति अलिक आक्रामक बनेको छ । वि.सं. २०६४ को अन्त्य र २०६५ को सुरुतिर माओवादी समर्थक मजदुरहरूको अगुवाइमा *हिमाल* खबरपत्रिकाको प्रकाशक *हिमाल* मिडियामा मजदुर आन्दोलन चर्केपछि *हिमाल*को कभरेज माओवादी विरोधी हुन पुगेको छ ।[७]

२०६५ भदौमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री बनेर उनले केही परम्परा विपरीत कार्यहरू जस्तै, पहिलो विदेश भ्रमणका लागि चीन जानु, पशुपतिनाथका भारतीय भट्ट पुजारीलाई हटाएर नेपाली पुजारी नियुक्त गर्नु, प्रधान सेनापति रूक्मांगद कटवाललाई बर्खास्त गर्न खोज्दा विवादमा परेर आफैँले राजीनामा दिनु र लगत्तै सडक आन्दोलनमा जानुजस्ता उनका सबै कदमलाई *हिमाल*ले आलोचना गरेको छ । माओवादीले उदार पुँजीवादी व्यवस्थालाई भत्काउन खोजेको र माओवादी अध्यक्ष तानाशाही हुन खोजेको र त्यो हुन नसकेपछि उनी 'बहुलाएको' भनी हिमालले चित्रण गरेको छ ।

यी मुद्दाहरू समग्रमा संविधान निर्माणसँग नजोडिए पनि शान्ति र संविधान निर्माण प्रक्रियाको एउटा मुख्य पक्ष माओवादीविरूद्ध जनमत सिर्जना गरी उसको बार्गेनिङ शक्ति घटाउने, उसलाई लडाकु र हतियार त्याग्न बाध्य पार्ने र संविधान निर्माणका क्रममा कमभन्दा कम उसका एजेन्डा सम्बोधन होऊन् भन्ने चाहना देखिन्छ । पछिल्लो समयमा आएर माओवादीले जे गरे पनि विरोध गर्ने रूपमा *हिमाल*ले आफूलाई उभ्याएको छ र मूलतः माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरूद्ध अत्यन्त आक्रामक देखिएको छ ।

हिमालको प्रस्तुति आक्रामक हुनुको मूल कारण आफ्नो अनुमानविपरीत माओवादी संविधानसभामा सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुँदा उत्पन्न

---

[७] मजदुर आन्दोलनबारे विस्तृत अध्ययनका लागि हेर्नुहोस्, अधिकारी (२०६७) ।

लघुताभास एकातिर छ भने माओवादी मजदुरको अगुवाइमा आफ्नै प्रकाशन गृहभित्र भएको आन्दोलन, उदार पुँजीवादी पक्षधरता, आबद्ध पत्रकार र प्रकाशकको विचार माओवादीइतर दलसँग नजिक हुनु आदि पनि प्रमुख कारण हुन् । यसै गरी *हिमाल*का प्रकाशक कनकमणि दीक्षित माओवादी द्वन्द्वका बेला भएको मानवअधिकार हनन घटनाका दोषीलाई कारबाही गराउने आन्दोलनमा सरिक हुनुले पनि उनको माओवादी विरोधी छवि झन् टड्कारो बनेको छ र म्यागेजिन वा दैनिक पत्रिकामा प्रकाशित हुने उनका अन्य लेखमा माओवादीविरुद्ध आक्रोशको तह झन् बढेर गएको छ ।

राज्य पुनर्संरचनाको सवालमा संघीयताको विकल्प छैन, तर पहिचानका आधारमा जातीय राज्य हुन सक्दैनन् भन्ने *हिमाल*को निष्कर्ष रहेको छ । जातीय राज्यको अवधारणाबाट माओवादी पनि पछि हटिरहेको उसको ठम्याइ छ । संघीयताकै सवालमा संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँट समितिले पेस गरेको १४ प्रदेशको प्रस्तावले काम गर्दैन भन्ने उसको निष्कर्ष रहेको छ । एक मधेस प्रदेश सम्भव छैन भन्नेमा पनि *हिमाल*को जोड देखिन्छ ।

माथि छलफल भएझैँ *हिमाल*ले आफूलाई उदार प्रजातन्त्रको पक्षमा उभ्याएको छ । बहुलतामा आधारित बजारमुखी व्यवस्था नै भावी आर्थिक-राजनीतिक व्यवस्था हुने उसको जोड रहेको छ । यसलाई समर्थन गर्नका लागि पनि *हिमाल*ले प्रजातान्त्रिक देशमा मात्र संघीयताले काम गर्ने उल्लेख गर्दै संघीयतालाई उदार प्रजातान्त्रिक व्यवस्थाको रूपमा चित्रित गरेको छ ।

मुद्दागत रूपमै *हिमाल* माओवादी विरोधी देखिन गएको छ किनकि उदार आर्थिक व्यवस्था, पुँजीवादी प्रजातन्त्र, १४ प्रदेशको संघीयतासम्बन्धी प्रस्ताव, जातीय राज्य आदि सबै माओवादीका माग हुन् र ती सबैको विरोध *हिमाल*ले गरेको छ । साथै संविधान निर्माणको अवधिभर यिनै मुद्दामा माओवादीले हलो अड्काइरहेकाले संविधान निर्माणको प्रमुख बाधक पनि माओवादी नै हो भनेर *हिमाल*ले ठहर गर्न खोजेको छ ।

गणतन्त्र घोषणामा भारतीय प्रभाव रहेको भनेर *नेपाल*ले प्रधानरूपमै कभरेज गरेको छ । *हिमाल*को हकमा भने यो पूर्णरूपमा निषेधित देखिन्छ । बरु बढ्दो चिनियाँ प्रभावले *नेपाल*को हित नहुने भन्ने उसको चासो रहेको छ । भारतसित जोडिएका थुप्रै घटनामा *हिमाल*ले दक्षिणी छिमेकी भारत नेपालको लामो समयदेखि मित्र रहेकाले आशंकित हुनु नपर्ने भनेर आश्वस्त तुल्याउन खोजेको छ । यसले गर्दा भारत र भारतीय बहुराष्ट्रिय कम्पनीहरूसित सम्बन्ध सुमधुर बनाइराख्न

*हिमाल* सफल देखिन्छ जुन उसको व्यावसायिक हितका लागि पनि महत्त्वपूर्ण रहन्छ ।[८]

'संविधान यात्रा'अन्तर्गतको *हिमाल*को कभरेज बृहत्, बढी समावेशी र विविधतामूलक रहेको स्पष्ट छ । तर, 'संविधान यात्रा' अगाडि र पछाडि भएका कभरेजको नतिजा राम्रो देखिन्न । किनकि, अन्य समयमा *हिमाल*ले आफ्नो कभरेजलाई त्यति समावेशी र विविधतामूलक नबनाएको मात्र होइन, उदारवादी पक्षधरता अँगालेर एउटा विचार समूह वा राजनीतिक दललाई निषेध गर्ने काम पनि गरेको छ । 'संविधान यात्रा'को क्रममा प्रकाशित सामग्री, सो अवसरमा *हिमाल*मा लेख्ने वा अन्तर्वार्ता दिने मौका पाएका व्यक्ति र स्तम्भकार अन्य समयमा भन्दा बिल्कुल फरक छन् । निश्चित पृष्ठहरूलाई प्याकेजिङ गरेर 'संविधान यात्रा'का रूपमा प्रकाशन गर्ने *हिमाल*ले अन्य पृष्ठ र कभरेजमा भने उल्लिखित पक्षधरतालाई कायमै राखेको छ । त्यसकारण निष्कर्षमा *हिमाल*को कभरेज बजारमुखी मात्र नभएर दातामुखी पनि देखिन्छ ।

## निष्कर्ष

*नेपाल* र *हिमाल* खबरपत्रिकाको संविधान निर्माणबारेको कभरेजमा निश्चित भिन्नता देखिएका छन् । *नेपाल*ले तुलनात्मक रूपमा कम र साँघुरो परिधिमा संविधान निर्माणको कभरेज गरेको छ र फलस्वरूप एजेन्डा निर्माणमा पनि केही अस्पष्टता, अनियमितता देखिएका छन् । पाठकलाई आकर्षित गरिराख्न हरेक हप्ता नयाँ विषयवस्तु/घटना आवरणमा प्रस्तुत गर्नुपर्ने बाध्यता पनि रहन्छ । तर, समग्रमा संविधान निर्माणसम्बन्धी कभरेजलाई निरन्तरता नदिनु वा केही अंकमा दिने प्रयत्न गरे पनि बहुआयामिक दृष्टिकोणबाट मुद्दालाई केलाउन नसक्नुले जटिल राजनीतिक मुद्दाबारे विवेचना गर्न र तीबारे विचार निर्माण गर्न जनतालाई सघाउन *नेपाल* साप्ताहिक चुकेको छ ।

नियमित स्तम्भकारको अभाव, पत्रिकाको सर्कुलेसन कायमै राख्नुपर्ने बाध्यता, सम्पादक परिवर्तन (अध्ययन अवधिमै तीनजना सम्पादकहरूले कार्यभार सम्हालेका छन्), निश्चित राजनीतिक मुद्दामा अस्पष्ट सम्पादकीय नीति आदि कारणले गर्दा पनि *नेपाल* साप्ताहिक विचारमूलकभन्दा समाचारमूलक बढी देखिएको छ ।

---

[८] २०६७ सालभरि नै भारतीय बहुराष्ट्रिय कम्पनी डाबर नेपालको उत्पादन रियल जुसमा किरा र लेदो भेटिएको भन्ने समाचारलाई पूर्ण रूपमा बेवास्ता मात्र गरेको छैन समर्थनात्मक विज्ञापन र समाचार प्रकाशन पनि गरेको छ ।

*हिमाल*ले यसलाई एउटा प्रक्रियाको रूपमा निरन्तर कभरेज गरेको छ । *हिमाल*को मूल जोड संविधान निर्माणतर्फ केन्द्रित देखिएको छ भने *नेपाल*को विशेष जोड शान्तिप्रक्रिया र त्यसको पनि प्रमुख पक्ष सेना समायोजनमा रहेको छ ।

*हिमाल*ले घटनाको रिपोर्टिङभन्दा पनि एजेन्डा अथवा अर्थ निर्माणमा विशेष जोड दिएको छ । यसका धेरैजसो अंकमा संविधानका कुनै न कुनै अन्तर्वस्तु वा मुद्दाहरू संघीयता, समावेशीकरण, गणतन्त्र, निर्वाचनप्रणाली आदिबारे कुनै न कुनै विज्ञको लेख वा अन्तर्वार्ता प्रस्तुत गरिएको छ । यी दुवैमा एउटा समानता के देखिएको छ भने यी दुवैका कभरेजको जोड जातीय राज्य हुन सक्दैन भन्नेमा रहेको छ । *नेपाल*ले जातीय राज्यका विरोधी लेखलाई धेरै ठाउँ दिए पनि पक्षधरहरूलाई पनि स्थान दिएर सन्तुलित गर्ने प्रयास गरेको पाइँदैन भने *हिमाल*ले मूलतः जातीय राज्य नहुने पक्षमा अडान लिएको भए तापनि पक्षधरहरूलाई सीमित भए पनि स्थान उपलब्ध गराएको छ । यसै गरी *हिमाल*ले जनमतलाई पनि विशेष महत्त्वसाथ प्रकाशन गरेको छ ।

संविधान निर्माण प्रक्रिया र विषयवस्तुको कभरेजमा निरन्तरता, बहुआयामिक विश्लेषण र धेरै खाले आवाजलाई ठाउँ दिएकाले *हिमाल*को कभरेज तुलनात्मक रूपमा समावेशी रहेको छ । जटिल राजनीतिक मुद्दाबारे विवेचना गर्न र तीबारे विचार निर्माण गर्न जनतालाई सघाउन *हिमाल* खबरपत्रिका सफल देखिन्छ । नियमित रूपमा विज्ञ स्तम्भकार र लेखकहरूका सामग्रीको प्रकाशन, सम्पादकहरूको परिवर्तन भए पनि सम्पादकीय नीतिमा एकरूपता, निश्चित राजनीतिक मुद्दामा स्पष्ट सम्पादकीय नीति आदि कारणले गर्दा *हिमाल* खबरपत्रिकाको कभरेज बढी विचारमूलक र कम समाचारमूलक देखिएको छ ।

समग्रमा *नेपाल*को तुलनामा *हिमाल*को कभरेज बृहत् देखिएको छ । यद्यपि यहाँ यो उल्लेख गर्नु पनि सान्दर्भिक हुन्छ कि *हिमाल*को कभरेजबाट प्रायोजित 'संविधान यात्रा'अन्तर्गतको कभरेज हटाउने हो भने *हिमाल*ले विशुद्ध रूपमा आफ्नै स्रोतबाट उत्पादन गरेका अन्य सामग्री *नेपाल*को भन्दा धेरै पृथक् देखिँदैनन् । यो तथ्य 'संविधान यात्रा' अघि र पछिको कभरेजको तुलना गर्दा पनि स्पष्ट हुन्छ । यसबाट जतिसुकै राष्ट्रिय महत्त्वको मुद्दा भए पनि आफ्नै स्रोतबाट गहन, विविधतामूलक र नियमित सामग्री पस्कन यी दुवै म्यागेजिन सफल छैनन् कि भन्ने प्रश्न उठेको छ ।

## धन्यवाद

यो अनुसन्धान मार्टिन चौतारीको आर्थिक सहयोगमा गरिएको हो । अध्ययनका लागि सहयोग उपलब्ध गराउने मार्टिन चौतारीलाई धन्यवाद दिन्छु । पूरा अनुसन्धानको सारलाई मार्टिन चौतारीले २०६७ चैत १३ गते काठमाडौँमा आयोजना गरेको 'मिडिया अनुसन्धान सम्मेलन २०११' मा प्रस्तुत गरिएको थियो । सम्मेलनमा पृष्ठपोषण दिने सहभागीहरू, अनुसन्धानको प्रारम्भिक प्रतिवेदन पढेर सुझाव दिने कुडोस रिसर्चका मोदनाथ ढकाल र बुद्धिराज शर्मा तथा मार्टिन चौतारीका प्रत्यूष वन्त, देवराज हुमागाईं, हर्षमान महर्जन र अर्जुन पन्थीप्रति आभार व्यक्त गर्दछु ।

## सन्दर्भसामग्री

अधिकारी, कृष्ण । २०६७ । प्रकाशन गृहभित्रको कलह र मजदुर हक । *मिडिया अध्ययन* ५ : ५-३२ ।

अधिकारी, राधेश्याम । २०६७क । म्याद थप नै उत्तम विकल्प । *नेपाल* १०(४३) : १६-१७ ।

अधिकारी, विपिन । २०६६क । संघीयता : पाकिस्तानको अनुभव । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ४०-४७ । ललितपुर : हिमाल मिडिया ।

अधिकारी, विपिन । २०६६ख । प्रदेश बाँडफाँडको कानुनी खाका । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ३०३-३१० । ललितपुर : हिमाल मिडिया ।

अधिकारी, सरोजराज । २०६४ । 'र'को राजनीति । *नेपाल* ८(२०) : २५ ।

आङदेम्बे, ध्रुव । २०६६ । चौध प्रदेशको मिश्रित मोडल । *हिमाल* १९(२२) : ४०-४१ ।

आचार्य, जयराज । २०६५ । माओवादी : सजिलो अवश्य छैन । *नेपाल* ८(३६) : २१ ।

आचार्य, नरहरि । २०६४क । गणतन्त्र : तर कस्तो खालको ? *नेपाल* ७(४३) : १२-१३ ।

आचार्य, नरहरि । २०६४ख । पूर्ण लोकतन्त्र अर्थात् गणतन्त्र । *नेपाल* ७(४६) : २७ ।

आचार्य, नरहरि । २०६४ग । गणतन्त्रका लागि कांग्रेसको नेतृत्व । *नेपाल* ८(७) : २६ ।

केसी, चित्रबहादुर । २०६६ । कांग्रेस एमालेलाई वास्तविकता बोध हुँदै छ । *नेपाल* ९(३७) : २२ ।

खनाल, कृष्ण । २०६४ । गणतन्त्रको मौलिक मोडेल । *नेपाल* ८(८) : २८-२९ ।

खनाल, कृष्ण । २०६६क । माओवादीलाई बाहिर राखेर संविधान बन्दैन । *नेपाल* १०(२७) : २२-२३ ।

खनाल, कृष्ण । २०६६ख । संघीयता के हो, के होइन ? *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ११-३५ । ललितपुर : हिमाल मिडिया ।

खनाल, कृष्ण । २०६६ग । समस्या संस्कारमा छ शासनको मोडलमा होइन । *हिमाल* १९(२१) : ३०-३२ ।

खनाल, कृष्ण । २०६६घ । यस्तो अभ्यास लोकतान्त्रिक हुन सक्दैन । *हिमाल* १९(२२) : ३४-३७ ।

खनाल, कृष्ण । २०६६ङ । पहिचान पनि होस्, बाँच्न पनि सकून् । *हिमाल* १९(२३) : ३८-४२ ।

खनाल, कृष्ण । २०६७ । जनता परिवर्तन चाहन्छन् । *हिमाल* २०(२) : २२-२७ ।

खनाल, मुमाराम । २०६५ । माओवादी मतको मूल्य र चुनौती । *नेपाल* ८(३६) : २२-२३ ।

गिरी, प्रदीप । २०६४ । नत्र कांग्रेस कोमिन्ताङ बन्छ । *नेपाल* ७(४६) : २८-३० ।

गुरुङ, ओम । २०६५ । संविधानसभामा उत्साही जनजाति । *हिमाल* १८(५) : १६ ।

गौतम, श्रीकृष्ण अनिरुद्ध । २०६५क । समय 'राष्ट्र पुनःचिन्तनको' । *नेपाल* ९(२४) : १६-१७ ।
गौतम, श्रीकृष्ण अनिरुद्ध । २०६५ख । बहस शासकीय स्वरूपको । *नेपाल* ९(२८) : २२-२३ ।
गौतम, श्रीकृष्ण अनिरुद्ध । २०६५ग । बहुसांस्कृतिक संघीयताको प्रस्ताव । *नेपाल* ९(३२) : २० ।
गौतम, श्रीकृष्ण अनिरुद्ध । २०६५घ । संघीय अन्तरसम्बन्धमा पारस्परिक निर्भरता । *नेपाल* ९(३३) : २२-२३ ।
गौतम, श्रीकृष्ण अनिरुद्ध । २०६६क । राज्यको पुनर्संरचना किन ? *नेपाल* १०(६) : १८-१९ ।
गौतम, श्रीकृष्ण अनिरुद्ध । २०६६ख । जातीय संघीयताका दुष्परिणाम । *नेपाल* ९(४९) : २२-२३ ।
गौतम, सर्जन । २०६६ । माओवादीको जातीय नीति र राष्ट्र विखण्डनको खतरा । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. १७७-१८१ । ललितपुर : हिमाल मिडिया ।
घिमिरे, परशुराम । २०६३ । समानुपातिक सूची प्रणालीको चुरो । *नेपाल* ७(२९) : १४-१५ ।
चौधरी, मनुज । २०६५ । दुःख छैन, चिन्ता छ । *नेपाल* ८(४३) : १३ ।
ज्ञवाली, प्रदीप । २०६४ । लोककल्याणकारी राज्य । *नेपाल* ८(८) : २७ ।
ढुंगेल, माधव । २०६३ । कस्तो संघीय शासन ? *नेपाल* ७(२६) : ३०-३१ ।
ढुंगेल, माधव । २०६५क । एक जुगको एक दिन । *नेपाल* ८(४२) : २६-२७ ।
ढुंगेल, माधव । २०६५ख । व्यर्थमा बित्दैछ समय । *नेपाल* ८(४८) : २४-२६ ।
ढुंगेल, रमेशकुमार । २०६६ । इतिहासको अपव्याख्या । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. २०५-२१३ । ललितपुर : हिमाल मिडिया ।
थापा, परि । २०६६ । प्रदेश निर्माणका बहुआधार । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ५७-५९ । ललितपुर : हिमाल मिडिया ।
दनुवार, ज्योति । २०६५ । मधेसीवादको बहुसांस्कृतिक बुल्डोजर । *नेपाल* ८(४८) : ३३ ।
दर्नाल, सुभाष । २०६६ । नयाँ संविधानमा दलितले चाहेको कुरा । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. १७२-१७६ । ललितपुर : हिमाल मिडिया ।
दाहाल, पुरुषोत्तम । २०६६ । गणतन्त्र : तर कस्तो ? *हिमाल* १६(२३) : ४५ ।
दाहाल, भरत । २०६४ । आसन्न खतराका अनिष्ट सूचक । *नेपाल* ८(२१) : १८-१९ ।
दाहाल, भरत । २०६५ । गणतन्त्र *नेपाल*का गम्भीर गडबडी । *नेपाल* ८(४३) : १४-१५ ।
दाहाल, राजेन्द्र र ध्रुव सिम्खडा, सं । २०६६ । *संविधान यात्रा-२* । ललितपुर : हिमाल मिडिया ।
दीक्षित, कनक । २०६३ । मुख खोलौँ : जेठमा चुनाव सम्भव छैन । *हिमाल* १६(२३) : ४३-४४ ।
देवकोटा, सुवास । २०६४ । परिणामको डर । *हिमाल* १७(१०) : ३४-३६ ।
नेपाल । २०६४क । गणतन्त्रको अग्र घोषणा । *नेपाल* ८(१८) : २१ ।
नेपाल । २०६४ख । यसकारण हुनैपर्छ चुनाव । *नेपाल* ८(२५) : ६ ।
नेपाल, किरण । २०६३ । संघीय र सामेली अबको राज्यप्रणाली । *हिमाल* १६(२१) : ३२-३३ ।
नेपाल, किरण । २०६५ । राष्ट्रियता : भत्कँदै-बन्दै । *हिमाल* १८(१) : ५८-६१ ।
नेपाल, किशोर । २०६३ । जेठमा संविधानसभा तर के साँच्चै गम्भीर छन् दलहरू ? *नेपाल* ७(३२) : २२-२५ ।
नेपाल टीम । २०६४ । कसको रोडम्याप के ? *नेपाल* ७(४२) : २४-२६ ।
पाठक, तिलक । २०६४क । अन्योलमा चुनाव, संकटमा समीकरण । *नेपाल* ८(११) : २२-२६) ।
पाठक, तिलक । २०६४ख । चुनावको बाटोमा । ८(२९) : २१-२४ ।
पाठक, तिलक । २०६४ग । 'नाति राजा' गणतन्त्रको गतिलाई छेक्छ यो कार्डले ?*नेपाल* ७(४६) : २२-२६ ।
पाठक, तिलक । २०६५ । मधेसी भर्सेज थारू । *नेपाल* ८(४८) : ३०-३२ ।

पुन, मीना । २०६६ । संघीयता : नेपाललाई नसुहाउने पद्धति । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ९१-९४ । ललितपुर : हिमाल मिडिया ।

पुन, वर्षमान । २०६४ । प्रतिस्पर्धासहितको गणतन्त्र । *नेपाल* ८(८) : २७ ।

पुनमगर, जेबी । २०६४ । वर्चस्वको लडाइँ । *हिमाल* १७(२) : १८-२० ।

पुनमगर, जेबी । २०६५क । चुनौती : संघीयताको नेपाली मोडेल । *हिमाल* १८(१) : ६८-७६ ।

पुनमगर, जेबी । २०६५ख । जातीय राज्यको कसरत । *हिमाल* १८(१०) : ३०-३३ ।

पुनमगर, जेबी । २०६७ । १४ प्रदेश प्रस्तावको चिरफार सरोकारवाला पनि सन्तुष्ट छैनन् । *हिमाल* २०(१) : ७२-७५ ।

पोखेल, उपेन्द्र । २०६६क । बहसमा सार्वभौमसत्ता । *नेपाल* ९(४५) : २४-२६ ।

पोखेल, उपेन्द्र । २०६६ख । एक्लो विरोधी : संघीयताविरूद्ध जनमोर्चाको आन्दोलन । *नेपाल* ९(३७) : १८-१९ ।

पोखरेल, सुनिल । २०६६ । प्राकृतिक स्रोतसाधनको जिल्लागत वितरण अवस्था । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. १३२-१६०। ललितपुर : हिमाल मिडिया ।

पौडेल, दुर्गाप्रसाद । २०६६ । विकास क्षेत्र आधारित प्रदेश । *हिमाल* १९(२२) : ३८-३९ ।

प्याकुरेल, सिन्धुनाथ । २०६६ । जेठ १४ मा संविधान नबने आकाश खस्दैन । *नेपाल* १०(३२) : १६-१७ ।

प्रधान, युवराजसिंह । २०६६ । आदर्श प्रदेश निर्माणमा ध्यान केन्द्रित गरौँ । *हिमाल* १९(२२) : ४२-४३ ।

बर्मियो, न्यान्सी । २०६६ । संघीयता भन्नु नै सम्झौता । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ३६-३९ । ललितपुर : हिमाल मिडिया ।

बोखिम, भानु । २०६६ । जातीय संघीयताको मनोवैज्ञानिक असर । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. २१४-२१६ । ललितपुर : हिमाल मिडिया ।

बोहरा, आलोक । २०६५ । अन्तरनिर्भर मोडेल । *हिमाल* १८(८) : ४२-४३ ।

भट्ट, गणेशदत्त । २०६५ । संविधान निर्माण र कार्यान्वयनको प्रश्न । *नेपाल* ९(१३) : २४-२५ ।

भाट, भोजराज । २०६५ । जनयुद्धलाई वैधता । *नेपाल* ८(३६) : १८-२० ।

भुसाल, पुष्पा । २०६७ । म्याद थप्न संविधान संशोधन । *हिमाल* २०(२) : ५०-५१ ।

मगर, केशव सूर्यवंशी । २०६३ । जातीय राज्य समाधान होइन । *हिमाल* १६(२३) : ४७ ।

माबुहाङ, बालकृष्ण । २०६६ । जातीयतासँग कोही डराउनुपर्दैन । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ६९-७४ । ललितपुर : हिमाल मिडिया ।

रञ्जितकार, नन्दगोपाल । २०६६ । प्रदेश निर्माणका तीन आधार : भूगोल, स्रोत र जनसंख्या । *संविधान यात्रा-२* । राजेन्द्र दाहाल र ध्रुव सिम्खडा, सं., पृ. ८७-९० । ललितपुर : हिमाल मिडिया ।

रावल, दल । २०६५ । कर्णाली, संघीयता र चुनौती । *नेपाल* ९(१६) : ३७ ।

रावल, रामबहादुर । २०६५क । काम गर्ने जमर्को । *नेपाल* ९(२१) : ३४-३५ ।

रावल, रामबहादुर । २०६५ख । आरम्भमै अन्योल । *नेपाल* ९(२३) : २२-२३ ।

रावल, रामबहादुर । २०६५ग । अन्योल हटाउने प्रयास । *नेपाल* ९(२३) : ३१ ।

रावल, रामबहादुर । २०६६क । दुई धारको तरबार । *नेपाल* ९(४५) : २७-२९ ।

रावल, रामबहादुर । २०६६ख । संविधान लेख्न १०,००,००,००,०००+ । *नेपाल* ९(४९) : २४-२९ ।

रावल, रामबहादुर । २०६६ग । अखण्डता र बहुलतामा जोड । *नेपाल* ९(४८) : २६-२७ ।

रावल, रामबहादुर । २०६६घ । राज्यपुनर्संरचना : अन्तर्द्वन्द्वमा माओवादी । *नेपाल* १०(१६) : १८-१९ ।

रावल, रामबहादुर । २०६६ङ । ६ प्रदेशको खाका । *नेपाल* १०(२४) : ३२-३४ ।

रावल, रामबहादुर । २०६७ । मिल्ने मिलाउने यत्न । *नेपाल* १०(४३) : २८-२९ ।

राई, टीकाराम । २०६५ । आत्मनिर्णयको अधिकारः आत्माघाती बम । *नेपाल* ९(२०) : ३४-३५ ।

रिमाल, गौरीनाथ । २०६४ । जातीय आधार कति ठीक ? *नेपाल* ७(३७) : २२-२५ ।

लाल, सीके । २०६३ । नयाँ नेपालको सामेली प्रारूप । *हिमाल* १६(२१) : ३८-३९ ।

लावती, महेन्द्र । २०६३ । जातीय संघीयता नै चाहिन्छ । *हिमाल* १६(२३) : ४६ ।

लावती, महेन्द्र । २०६५ । जनमुखी संघीयताको संयन्त्र । *हिमाल* १८(१०) : ३०-३३ ।

वाग्ले, अच्युत । २०६५ । पहिलो प्राथमिकता भौगोलिक अखण्डता । *नेपाल* ९(२१) : १६-१७ ।

शर्मा, पीताम्बर । २०६३ । संघ बनाएर मात्र समस्या समाधान हुँदैन । *नेपाल* ७(२६) : ३१ ।

शर्मा, पीताम्बर । २०६५क । नेपाली क्यानभासका रङ्हरू । *नेपाल* ८(४०) : १४-१७ ।

शर्मा, पीताम्बर, २०६५ख । सबल संघीयताका आधार । *हिमाल* १८(१) : ७८-८० ।

शर्मा, सुधीर । २०६५ । नभएको रक्तपात । *नेपाल* ८(४३) : २६-२७ ।

शाह, सौभाग्यजंग । २०६६ । स्वच्छन्दतावादबीच संघीयता । *नेपाल* ९(३७) : १८-१९ ।

साह, तुलानारायण । २०६३ । संविधानसभा अघिका मधेसका चुनौती । *नेपाल* ७(३३) : ३१ ।

सिम्खडा, ध्रुव । २०६३ । नत्र जेठमा चुनाव हुन्न । *हिमाल* १६(२२) : ३२-३४ ।

सिम्खडा, ध्रुव । २०६४ । 'जम्बो' संविधानसभा । *हिमाल* १७(१) : १२-१३ ।

सिम्खडा, ध्रुव । २०६५ । अब चर्किने मुद्दा । *हिमाल* १८(८) : ४०-४१ ।

सुवेदी, झलक । २०६५ । संविधानसभामा वैचारिक द्वन्द्वका प्रवृत्ति । *नेपाल* ८(४८) : १४-१५ ।

हिमाल । २०६५क । राष्ट्रिय एकताको प्रदर्शन । *हिमाल* १८(१) : ६ ।

हिमाल । २०६५ख । हाम्रो कार्य लक्ष्य । *हिमाल* १८(१४) : ६ ।

हिमाल मिडिया । २०६६ । *संविधान यात्रा* । ललितपुर : हिमाल मिडिया ।

Carroll, Craig. & Maxwell McCombs (2003). Agenda-setting Effects of Business News on the Public's Images and Opinions about Major Corporations. *Corporate Reputation Review* 6(1): 36–46.

Franklin, Bob. 2005. McJournalism: the local press and the McDonaldization Thesis. In *Journalism: Critical Issues.* Stuart Allan, ed., pp. 37-151. Maidenhead: Open University Press.

Ghanem, Salma, Maxwell McCombs and Gennadiy Chernov. 2009. Agenda Setting and Framing. In *21st Century Communication: A Reference Handbook*. SAGE Publications. Available at http://www.sage-ereference.com/communication/Article_n57.html, accessed on 6 April 2010.

Kshetri, Indra Dhoj. 2010. Coverage of the Maoist Rise to Power in Nepal: A Comparative Study of Al-Jazeera and CNN. MSS diss., Department of Mass Communication and Journalism, University of Dhaka.

Kshetri, Indra Dhoj. 2011. Euphoria and Loss: Nepal's New Republic in Magazines. Paper presented at 'Workshop on Creation of Public Meaning during Nepal's Democratic Transition' organized by Martin Chautari and School of Oriental and African Studies, Kathmandu, 4–5 September.

McCombs, Maxwell. 2004. *Setting the Agenda: The Mass Media and Public Opinion.* Cambridge: Polity Press.

McCombs, Maxwell. 2009. *The Agenda Setting Role of the Mass Media in the Shaping of Public Opinion.* Austin: University of Texas. Available at http://sticerd.lse.ac.uk/dps/extra/ McCombs.pdf, accessed on 9 November 2009.

McCombs, Maxwell and Donald Shaw. 1999. The Agenda-setting Function of Mass Media. In *News: A Reader.* Howard Tumber. ed., pp. 320–328. Oxford: Oxford University Press.

McQuail, Denis. 2005. *McQuail's Mass Communication Theory* (Fifth Edition). New Delhi: Vistaar publications.

Thussu, Daya K. 2007. The 'Murdochization' of News? The case of Star TV in India. In *Media, Culture and Society* 29: 593-611.